नेपाली क्रिकेटबाट ज्योतिको सन्न्यास | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ •अंक २१७ • २०८० साल पुस १९ गते विहीबार (4 January, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## राजतन्त्र फर्काउने पक्षधर राप्रपा पूर्व राजासित

**टुडे समाचारदाता**

बुटवल । संघीयता खारेजी, संबैधानिक राजतन्त्रको स्थापना, हिन्दू राष्ट्रको घोषणा लगायतका मागहरु सहित आन्दोलनको घोषणा गरेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का शीर्ष नेताहरुले पूर्व राजा ज्ञानेन्द्र शाहसित बुधवार 'लञ्च मिटिंग' गरेका छन् ।

विगतमा जस्तै हरेक वर्ष पूर्व राजा जाडोमा देशको विभिन्न भागको भ्रमणलाई निरन्तरता दिएका छन् । पूर्व राजा ज्ञानेन्द्र शाह हाल भैरहवामा रहेका छन् । पूर्व राजासितको 'लञ्च मिटिंग' पछि खिचिएको एउटा तस्वीर राप्रपाका उपाध्यक्ष रवीन्द्र मिश्रले आफ्नो आधिकारिक फेसबुक पेजमा साझा गरेका छन् ।

पूर्व राजाको पक्षमा मंगलवार नवलपरासीमा भारी जुलुस भएको थियो । जुलुसका सहभागीहरुले



पूर्व राजाको उत्तराधिकारीको पक्षमा समेत नाराबाजी गरेका थिए ।

राप्रपाले फागुनदेखि देशव्यापी रुपमा आन्दोलन गर्ने केन्द्रीय समितिको निर्णय सार्वजनिक गरिसकेको छ । त्यसमा राजसंस्थाको स्थापना, हिन्दू राष्ट्र, बैंकको ब्याज, संघीयता खारेजी लगायतका मागहरु राखिएका छन् ।

पूर्व राजासितको भेंटमा राप्रपा अध्यक्ष राजेन्द्र लिङदेनसहितका नेताहरु रविन्द्र मिश्र, बुद्धिमान तामाङ, धवल शमशेर राणा, दिपकबहादुर सिंह रहेका छन् । पूर्व राजा ज्ञानेन्द्रको साथमा 'लञ्च मिटिंग' भएको नेताहरुले बताएका छन् ।

'नेताहरुसँगको भेटका क्रममा पूर्वराजा शाहले आफू ऐतिहासिक संस्थाको प्रतिनिधित्व गरिरहेको र सबैलाई एकताको सूत्रमा बाध्ने काम गरेको बताएका छन् ' मिश्रले सामाजिक सञ्जालमा गरेको पोष्टमा अगाडि भनिएको छ ,'हामी सबैले धेरै देख्यौ/बुझ्यौं । म ऐतिहासिक संस्थाको प्रतिनिधित्व गर्छु। मेरो काम सबैलाई एकताको सूत्रमा बाँध्ने हो । सबै नेपाली मेरो लागि बराबर छन।'

भैरहवामा भएको सामूहिक भेटका क्रममा भएको शाहको भनाइ उधृतगर्दै नेता मिश्रले सामाजिक सञ्जालमा पूर्व राजाको भनाई साझा गरेका छन् ।

देशमा संघीयता विरोधी आन्दोलनको पक्षधर दलहरु राप्रपा, राप्रपा (नेपाल), दूर्गा प्रसाई लगायत राजसंस्था फर्काउनु पर्नेमा एकमत देखिएका छन् ।

## आज अयोध्या भार पठाइँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान रामललाको प्राण प्रतिष्ठाको अवसरमा जानकी मन्दिर जनकपुरधामको तर्फबाट २ सय ५१ भार बिहीवार अयोध्या पठाइँदैछ ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवको नेतृत्वमा भार पठाउन लागिएको बताइएको छ । जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव प्राण प्रतिष्ठाको समयमा मात्र जाने बताएका छन् ।

मिथिलाको परम्परागत पकवान ठेकुवा, भुसुवा, खजुरीया लगायतका सामग्रीहरु सहितको भार अयोध्यामा शनिवार हस्तान्तरण गरिने बताइएको छ। गृह प्रवेशको क्रममा मिथिलामा ससुरालीबाट आउने वस्त्र र भारलाई प्रमुखता दिने गरिएको छ । भगवान रामको ससुराली जनकपुरधामबाट भार लिएर जान लागेको उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जनाएका छन् । भार लिएर जानेमा सन्तमहन्थ, सञ्चारकर्मी, राजनीतिकर्मी, समाजसेवीहरु रहेको दासले जानकारी दिए ।






## आजपाका ७ पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । भन्सार कानुनमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्था हटाउनु पर्ने माग गर्दै चरणबद्ध संघर्ष गरिरहेको आम जनता पार्टी(आजपा)का ७ जना नेता, कार्यकर्तालाई बुधवार पक्राउ गरिएको छ ।

भन्सार विभाग घेराउ गर्न गएका आजपाका ७ जना नेता कार्यकर्ता पक्राउ परेको र प्रहरीको धरपकडमा १ जना घाइते भएको आजपाले जनाएको छ।

आजपाका अध्यक्ष प्रभु साहले भन्सार घेराउका क्रममा प्रहरीले धरपकड गर्दा तिलक थापा मगर, रञ्जु साह, आर्या पाण्डे, रुपेश दास, कनम सिंह, विकेश साह र पासाङ तामाङ पक्राउ परेको बताएका छन्। पक्राउ परेका मध्ये रञ्जु घाइते भएकी छिन्। उनको खुट्टामा चोट लागेकै अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको साहले जनाएका छन्।

आजपाले भन्सारमा पुरस्कारको रुपमा दिने ४५ प्रतिशत कमिसनको व्यवस्था खारेज गर्न माग गर्दै झण्डै तीन हप्तादेखि संघर्ष गर्दै आएको छ। आम सम्पर्क मञ्चको ब्यानरमा भन्सार विभाग घेराउ गर्दै आएको छ।









# रोजगारीमा पठाउने भन्दै लाखौं ठगी



**टुडे समाचारदाता**

काठमाण्डु। वेरोजगार युवालाई वैदेशिक रोजगारीमा पठाउने बहानामा लाखौँ ठगी गरेका चार जना पक्राउ परेका छन्। करोमानिया पठाइदिन्छुभन्दै रु २१ लाख ३६ हजार ठगी गरेको अभियोगमा दोलखा मेलुङ गाउँपालिका-२ घर भई काठमाडौँ महानगरपालिका-२४ बाङ्गेमुढा बस्ने ५० वर्षीय ढालबहादुर बुढाथोकी प्रक्राउ परेका छन्।

अभियुक्त बुढाथोकीले १४ जना युवालाई वैदेशिक रोजगारीका लागि रोमानिया पठाई फुड प्याकिङमा मासिक रु एक लाख तलब प्राप्त हुने प्रलोभनमा पारी पटकपटक गरेर उक्त रकम ठगी गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

यसैगरी कतार पठाइदिन्छु भन्दै रु दुई लाख ९४ हजार ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-१ का कैलाश गिरीलाई पक्राउ गरिएको छ। निजले वैदेशिक रोजगारीका लागि कतार पठाइ दिने र मासिक रु ८० दिलाउने भन्दै उक्त रकम ठगेका हुन्।

यसैबीच, स्लोभेनिया पठाइदिने बहानामा रु दुई लाख ८० हजार ठगी गरेको अभियोगमा धादिङका जयराज शाही र गोरखा चुमनुब्री गाउँपालिका-४ की ३५ वर्षीया छिमी सुनिनलाई पक्राउ गरिएको छ। सबै अभियुक्तलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग चलान गरिएको छ।

# समिति र शिक्षक महासंघको विद्येयकमाथि छलफल

**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य र सूचना प्रविधि समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० बारे छलफल भएको छ। समिति र नेपाल शिक्षक महासङ्घबीच बुधबार छलफल भएको हो।

समितिले बुधबारदेखि महासङ्घ तथा आवद्ध घटक संस्थासँग सुझाव लिन थालेको हो। बुधबारको बैठकमा महासङ्घका अध्यक्ष कमला तुलाधर, महासचिव लक्ष्मीकिशोर सुवेदीलगायतले यही असोज ५ गते नेपाल शिक्षक महासङ्घ र असोज १२ गते राहत शिक्षक केन्द्रीय समितिसमेतसँग भएका सहमतिका बुँदालाई समावेश गर्ने तथा छुटेका थप विषयलाई विशेष ध्यान दिन आग्रह गरे। उनीहरुले स्थानीय तहबाट शिक्षक नियुक्तिको प्रस्ताव हटाउनेलगायत ६१ बुँदे थप माग प्रस्तुत गर्दै शिक्षकको ट्रेड युनियन अधिकारको रक्षाका साथै राजनीतिक आस्थाका आधारमा विभेद गर्न नहुनेमा जोड दिए।

समितिका सभापति भानुभक्त जोशीले शिक्षक र विद्यालय कर्मचारीका अन्य



संस्थासँग थप सुझाव लिने क्रम आगामी बैठकमा जारी रहने जानकारी दिए। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारीले स्थानीय तहले शिक्षकलाई कारबाही र गैह्रकानुनी सुरुवा नगरेको स्पष्ट गर्दै केन्द्रबाट आवश्यक सहजीकरण हुने स्पष्ट गरे।

प्रतिनिधिसभामा गत असोज २१ गते सैद्धान्तिक छलफलपछि दफाबार संशोधनका लागि विधेयक समितिमा गएको हो। सरकारले संसद्मा विधेयक दर्ता गरेपछि महासङ्घले काठमाडौँ केन्द्रित आन्दोलन गरेपछि गत असोज ५ र १० गते भएको वार्तामा विभिन्न बुँदामा संशोधनका लागि सहजीकरण गर्ने सहमति भएको थियो।

# नदीजन्य पदार्थको चोरी निकासी रोक्न प्रहरीद्वारा निगरानी

कञ्चनपुर। नदीजन्य पदार्थको चोरी निकासी हुन थालेपछि कञ्चनपुरका दोदा, वनहरा, सुनवोरा, स्याली लगायतका नदीमा प्रहरीले निगरानी बढाएको छ। नदीमा नदीजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा) का लागि स्थानीय तहले ठेक्का लगाउन ढिलाइ गरेपछि चोरी निकासी बढ्न थालेको जनाइएको छ।

इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक ईश्वर थापाका अनुसार आव २०८०/०८१ को हालसम्म अवैध रुपमा नदीजन्य पदार्थको चोरी निकासी गर्ने १४ ट्र्याक्टरलाई नियन्त्रणमा

> जरिवाना लिन थालेपछि अवैधरुपमा नदीजन्य पदार्थको चोरी निकासी हुने कार्यमा कमी आउन थालेको उहाँको भनाइ छ।

लिएर कारबाही गरिएको छ। "नदीजन्य पदार्थ चोरी निकासी गर्ने कार्यमा संलग्न ट्र्याक्टरलाई नियन्त्रणमा लिएर कृष्णु र शुक्लाफाँटा नगरपालिकामा बुझाएका छौँ" उहाँले भन्नुभयो, "ती ट्र्याक्टर सञ्चालकबाट जरिवानास्वरुप रु तीन लाख रकम असुल उपर गरिएको छ।"

जरिवाना लिन थालेपछि अवैधरुपमा नदीजन्य पदार्थको चोरी निकासी हुने कार्यमा कमी आउन थालेको उहाँको भनाइ छ। नदीजन्य पदार्थको चोरी निकासी रोक्नका लागि प्रहरीसँगै स्थानीय बासिन्दाले पनि सक्रियता देखाउँदै आएका छन्। स्थानीय बासिन्दाले अवैध रुपमा नदीजन्य पदार्थ चोरी भइरहेको जानकारी पाउना साथ प्रहरीलाई खबर गरी सहयोग गरिरहेका छन्।

डिभिजन वन कार्यालयले मातहतका सामुदायिक वनलाई नदीजन्य पदार्थको अवैध रुपमा सङ्कलन गर्ने कार्य रोक्नका लागि पत्राचार गरेको छ। डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल अधिकृत भीमप्रसाद कँडेलका अनुसार सामुदायिक वन क्षेत्रभित्रको खोला, खहरेबाट अनयमित तरिकाले नदीजन्य पदार्थ लैजाने गरेको र सामुदायिक वनभित्र राख्ने गरेको जानकारी पाइएकाले त्यस्ता कार्य रोक्नका लागि पत्राचार गरिएको छ।

"त्यस्तो कार्य वन ऐन २०७६ विपरीत हुने हुँदा रोकथाम गर्नका लागि भनेका छौँ" उहाँले भन्नुभयो, "वन रक्षकको टोलीलाईसमेत अवैध रुपमा हुने नदीजन्य पदार्थको ओसारपसार रोक्ने कार्यमा परिचालन गरिएको छ।"

यसैगरी, इप्रका झलारीले शुक्लाफाँटा र कृष्णपुर नगरपालिकामा चालु आवको हालसम्म ट्राफिक नियम विपरीत चल्ने एक हजार नौ सय सवारीसाधनलाई कारबाही गरी रु १२ लाख ८८ हजार पाँच सय रकम सङ्कलन गरी राजस्वमा जम्मा गरेको छ।

अवैध रुपमा चोरी तस्करी भएको ७४ दशमलव ९२ क्यूविक सालको काठ बरामद गरी आवश्यक कारबाहीका लागि सवडिभिजन वन कार्यालय कलुवापुरलाई बुझाइएको छ।रासस

# 'जनगणनाको परिसूचकको वैज्ञानिक अध्ययन आवश्यक छ'

**टुडे समाचारदाता**

काठमाण्डु। जनसंख्याविद्ले बढ्दो जनसाख्यिक असन्तुलन र आप्रवासनका भविष्यमा उत्पन्न हुने समस्या निराकरण गर्न जनगणनाका परिसूचकको वैज्ञानिक र व्यवस्थित अध्ययन गर्नुपर्ने बताएका छन्।

त्रिभुवन विश्वविद्यालय, जनसंख्या शिक्षा केन्द्रीय विभागद्वारा मङ्गलबार आयोजित सञ्चारकर्मीसंगको छलफलमा उनीहरुले देश जनसंख्याको उतारचढावअनुरुप विकासका योजनाहरु बनाउन सबै क्षेत्रका कर्मचारीसंग जनसंख्यासम्बन्धी ज्ञान हुनुपर्ने र विश्वविद्यालयबाट विषयविज्ञ उत्पादन गर्नुपर्नेमा जोड दिएका थिए।



कार्यक्रममा विभागका प्रमुख प्राध्यापक डा योगेन्द्र गुरुङले विगतमा जनसंख्या नियन्त्रणलाई प्रमुख नीति बनाउँदै आएको नेपालमा जन्मदर कूल जनसंख्याको एक प्रतिशतबाट तल झरेपछि जनसंख्या व्यवस्थापनतर्फ जानुपर्ने भएको उल्लेख गर्नुभयो। उनले भने "एकातर्फ सात प्रतिशत पुगेको ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाका लागि रणनीति बनाउनुपर्ने छभने अर्कोतर्फ २८ प्रतिशत बालबालिकाको भविष्यका लागि सोच्नुपर्ने अवस्था छ। देशको आर्थिक सामाजिक र राजनीतिक नीतिनिर्माणका लागि जनसंख्याको अध्ययन आवश्यक छ।" विभागका सहप्राध्यापक डा पद्मप्रसाद खतिवडाले विगतमा एक सन्तान नीति लिएको छिमेकी राष्ट्र चीनले सन् २०२१ मा आइपुग्दा 'एक दम्पती, तीन सन्तान'लाई प्रोत्साहन गरेकोबाट नेपालले पनि शिक्षा लिनुपर्ने बताए।

युवा र दक्ष जनशक्ति बाहिरिने क्रम तीव्र बढ्नु र जनसंख्यामा आएको उतारचढावका कारण जनसंख्या शिक्षाको महत्व थप वृद्धि भएको डा खतिवडाले बताए। यसैलाई दृष्टिगत गरी विभागले यस वर्षदेखि पाँचजना विद्यार्थीलाई छात्रवृत्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र अनुसन्धान कार्यक्रममा सहभागिताको अवसरसमेत विद्यार्थीलाई दिइने जानकारी पनि उनले दिए।

विभागले आप्रवासी सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सहकार्यमा जनसंख्या विषयका अध्येताहरु, सरकारी कमर्चारी र कूटनीतिक क्षेत्रमा क्रियाशीलहरुलाई समेत लक्षित गरी दुईहप्ते सघन तालिमसमेत सञ्चालन गरिरहेको जानकारी पनि कार्यक्रममा दिइयो।

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत २०४५ सालमा स्थापना जनसंख्या केन्द्रीय विभागबाट हालसम्म दुई हजार तीन सयभन्दा बढी स्नातकोत्तर, एक सय ८२ एमफिल तथा १९ जनाले विद्यावारिधि हासिल गरेको जानकारीसमेत कार्यक्रममा दिइयो। विभागले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिरहेको जानकारी पनि डा खतिवडाले दिए।

कार्यक्रममा विभागका सहप्राध्यापक बालकृष्ण माबोहाङले जनसंख्यासम्बन्धी विज्ञ आवश्यक संख्यामा उत्पादन गर्न सकिए देशमा कस्तो जनशक्ति कति मात्रामा आवश्यक हुन्छ र कुन कुरालाई प्राथमिकता दिनुपर्छ र कुन कामका लागि कति स्रोत आवश्यक पर्छ भन्नेजस्ता प्रश्नमा हचुवाको भर पर्नु नपर्ने बताए।

# जनताको समस्या बुझ्दै प्राकृतिक स्रोत समिति

**टुडे समाचारदाता**

राँझा। बाँके र बर्दियामा निकुञ्जको मध्यवर्ती क्षेत्रका जनताले भोग्नुपरेको समस्या बुझ्न प्रतिनिधिसभा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको टोली खटिएको छ।

प्राकृतिक स्रोत समितिले निकुञ्ज मध्यवर्ती क्षेत्रका जनता, जनप्रतिनिधिलगायत सरोकारवालासँग बुधबार बाँके र बिहीबार बर्दियामा छलफल गर्ने भएको छ। मध्यवर्ती क्षेत्रमा बसोबास गर्दै आएका जनताले जङ्गली जनावरलगायत निकुञ्जका कारण भोग्नुपरेको वास्तविक समस्या बुझ्न समितिका सभापति डा आरजु राणाको नेतृत्वमा छ सदस्यीय टोली छलफलमा सहभागी हुने कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य एवं बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य सूर्य ढकालले जानकारी दिए।

उनका अनुसार बाँके निकुञ्जको मध्यवर्ती क्षेत्रका जनताले भोग्नुपरेको समस्याका बारेमा बुधबार दिउँसो कोहलपुर नगरपालिकाको चप्परगौडीमा अन्तर्क्रिया तय गरेको छ। अन्तर्क्रियामा सरोकार भएका निकायको तर्फबाट निकुञ्जका अधिकारी, मध्यवर्ती क्षेत्रका जनता, राप्ती सोनारी र कोहलपुर नगरपालिकाका जनप्रतिनिधिलाई सहभागिताका लागि अनुरोध गरिएको छ। समितिले बुधबारै ३ देखि ५ बजेसम्म कोहलपुरस्थित भेरी शीतभण्डारमा सहकारीसम्बन्धी छलफल गर्ने कार्यक्रम तय भएको छ।

बाँके राष्टिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा राप्ती सोनारी गाउँपालिकाको वडा नं १, २, ८ र ९ तथा कोहलपुर नगरपालिकाको १२ र १३ नं वडा रहेका छन्। मध्यवर्ती क्षेत्रका बासिन्दाले भोग्दै आएको समस्या मिनी संसद्का रूपमा चिनिने प्रतिनिधिसभा, प्राकृतिक स्रोत समितिमा राख्न पाउने अवसर पाएका छन्।



जनताले वास्तविकरूपमा भोग्दै आएका समस्यालाई प्रत्यक्ष हेरेर, बुझेर उहाँहरूले दिएको सुझावलाई ग्रहण गरिने कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य एवं बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य ढकालले उल्लेख गरे।

राप्ती सोनारी गाउँपालिकाको मध्यवर्ती क्षेत्रमा पर्ने वडाका वडाध्यक्ष तथा कार्यपालिका सदस्यले गाउँपालिकाले समितिको कार्यक्रमलाई प्राथमिकता दिएर स्थानीय सरकारको तर्फबाट राय-सुझाव दिई राज्यको ध्यानाकर्षण गर्न माग गरेका छन्।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, मनरा शिसवा नगरपालिका वडा नं. १ घर भई हाल महोत्तरी जिल्ला, मनरा शिसवा नगरपालिका वडा नं. १ बस्ने श्री नन्दलाल ठाकुरको नाती, किशोरी ठाकुरको छोरा वर्ष ९० को श्री कपिलेश्वर ठाकुरको मिति २०८०/०७/२० गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४२५००००५ मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतकका छोरा श्री विजय ठाकुरले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेका रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला। उक्त म्याद भित्र हकदावी नर्ग नआएए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन नं. ०४१-५९०२६१


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# युवा दिवसमा बृक्षरोपण




**टुडे समाचारदाता**

राजविराज । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा शहीद साकेत चन्द्र मिश्र स्मृति पार्कमा विभिन्न जातका विरुवा रोपिएको छ । मारवाडी युवा मञ्च राजविराजको अगुवाईमा बुधवार नीम, अशोक, धुपी, सल्लो, कपुर तथा विभिन्न फलफुल लगायतका बिरुवा रोपेर १३ औं अन्तराष्ट्रिय युवा दिवस मनाइएको छ।


बृक्षरोपण कार्यक्रममा मञ्चका अध्यक्ष आशिष जोशी, केन्द्रीय सदस्य विसान्त जैन, वडा अध्यक्ष सुभाष चन्द्र यादव, वडा सदस्य रमानन्द देव, राजविराज जेसिजका अध्यक्ष उज्जवल काबरा, उपाध्यक्ष विक्रम काबरा लगायतको उपस्थिती रहेको थियो।

राजविराजको मुख्य बजार क्षेत्रमा रहेको सो पार्कको सौन्दर्यकरणका लागि विभिन्न जातका ७५ भन्दा बढी बिरुवा रोपिएको मञ्चका उपाध्यक्ष एवं प्रवक्ता होमेश काबराले बताए । मञ्चका अध्यक्ष जोशीले शहरबीच रहेको पार्क शहर कै सुन्दर गहना रहेको टिप्पणी गरे।

सो अवसरमा वडा अध्यक्ष यादवले यसको संरक्षण गरी पर्यटकीय स्थल बनाउन साधन श्रोतले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता जनाए।

# प्रहरीद्वारा ८ लाख बढीको मोबाइल, अवैध सुर्ती र काठ बरामद





**टुडे समाचारदाता**

गौर। रौतहट स्थित प्रहरीले ८ लाख रुपैयाँ भन्दा बढीको मोबाइल, सुर्ती र अवैध सालको गोलिया काठ बरामद गरेको छ। जिल्लाको छुटाछुटै स्थानबाट खटिएको प्रहरी गस्ती टोलीले उक्त सामान बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको टोलीले तल्लो बजार स्थित चपुर गौर सडक खण्डमा चेकजाँच गर्ने क्रममा गौरबाट चन्द्रनिगाहपुरतर्फ आएको बसको डिक्कीमा ३ ओटा बोरा भित्र रहेको कार्टुनमा विभिन्न कम्पनीहरूको मोबाइलहरू फेला परेको थियो । बरामद ३८७ थान मोबाइल कुल आठ लाख अठार हजार नौ सय छ रुपैयाँ मूल्याङ्कन सहित आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा दाखिला गरिएको एसपी महेन्द्र कुमार श्रेष्ठले बताएका छन्।

त्यस्तै प्रहरी चौकी औरैया र प्रहरी चौकी मठिया महुलियाबाट खटिएको संयुक्त प्रहरी टोलीले ईशनाथ नगरपालिका ३ र ४ स्थित चेकजाँच गर्ने क्रममा मधेस प्र.०३-०२४प.३०३३ नम्बरको सुपर स्पलेण्डर मोटरसाइकल १ थान र सुर्ती २०८ किलो बरामद गरेको छ। दुई लाख चार हजार मूल्याङ्कन सहित मोटरसाइकल र सुर्ती आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको एसपी श्रेष्ठले बताएका छन्।

उता बृन्दावन नगरपालिका ८ बरगजवा टोल स्थित बाटोको छेउमा परालमुनि लुकाई छिपाई राखेको अवस्थामा पाँच थान गोलिया काठ मंगलवार साँझ प्रहरीले बरामद गरेको छ । ४० क्युबिफिट एक लाख बिस हजार बराबरको सालको काठ आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# विद्यार्थी संगठनद्वारा अख्तियारलाई ध्यानाकर्षण

**टुडे समाचारदाता**

जनकपुरधाम। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा अनियमितता भएको भन्दै पाँच विद्यार्थी संगठनले छानबिन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ध्यानाकर्षणपत्र बुझाएको छ।

जनकपुरधाममा बुधबार आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईलाई भेटघाट गर्दै परिषद्मा हुँदै गरेको अनियमितता, संचालित आयोजना एवम् अपारदर्शी गतिविधिहरु माथि गम्भीर ध्यानाकर्षण भएको भन्दै आम जनगुनासोको आधारमा अनियमितताहरू पहिचान भएको पाँच विद्यार्थी संगठनले जनाएको छ।

नक्कली प्रमाणपत्रधारी कर्मचारीलाई यथाशीघ्र निलम्बन र छानबिन गरी विस्तृत अनुसन्धान गर्नुपर्ने, परिषद्को गाडी परिषद्लाई फिर्ता गराउनुपर्ने, हाल सम्मको आयव्ययको लेखाजोखालाई नियमानुसार लेखापरीक्षणको प्रकृयाबाट अनियमितताको दर मूल्यांकन गर्ने र सोही अनुसार तत्काल कारबाही प्रक्रिया अघि बढाउनुपर्ने, उपभोक्ता समितिको खाताबाट भुक्तानी लिने कर्मचारीहरुको पहिचान गरी त्यस्ता कर्मचारी तथा भुक्तानी दिने उपभोक्ता समितिका पदाधिकारीहरु उपर छानबिन गरी कारवाही प्रक्रिया अगाडि बढाउनुपर्ने र भविष्यमा यस्तै अनियमितताहरु रोक्न आवश्यक कानुनी व्यवस्था सहितको वस्तुपरक प्रोटोकलहरू निर्माण गर्नुपर्ने माग उनीहरुले राखेका छन्।

आयोगका प्रमुख आयुक्त राईलाई नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य इन्द्रजित गोइत, अखिल क्रान्तिकारी धनुषाका अध्यक्ष शशीकान्त मण्डल, अनेरास्ववियू धनुषाका अध्यक्ष शिवचन्द्र झा, नेपाल समाजवादी विद्यार्थी युनियन धनुषाका सुरेन्द्र यादवलगायतकाहरुले ध्यानाकर्षण-पत्र बुझाएको सामाजवादी विद्यार्थी युनियन धनुषाका सचिव बलिराम कापरले जानकारी दिए।

# न्यायपरिषद्बाट संविधानको पालना नभएको भन्दै तमलोपाको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । न्यायपरिषद्बाट उच्च अदालतमा ३९ जना न्यायाधीश नियुक्त गर्दा समावेशी संवैधानिक व्यवस्थाको पालना नभएकोमा तराई-मधेश लोकतान्त्रिक पार्टीले आपत्ति जनाएको छ।

तमलोपाका केन्द्रीय प्रचारप्रसार विभाग प्रमुख उमेश कुमार मण्डलले बुधबार न्यायपरिषद्बाट संविधानको उल्लंघन हुनु दुर्भाग्यपूर्ण रहेको बताएका छन्।


उनले न्यायालय र न्यायाधीशमाथि प्रतिप्रश्न गर्दै यसबाट जनताको हक-अधिकारको संरक्षण कसरी हुन सक्दछ भन्दै आपत्ति जनाएका छन्। संविधानको धारा ४२ को(१) मा समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था छ।

संविधानको व्यवस्थाको उल्लंघन गर्दै यस्ता नियुक्तिहरुले न्यायिक क्षेत्रमा समेत समावेशिताको पालनाको शृंखला र सम्भावना समाप्त गरिएकोमा उनले चिन्ता व्यक्त गरे।

तमलोपा यसप्रति घोर आपत्ति जनाउँदै न्यायपरिषद्, समावेशी आयोग, मधेशी आयोग, थारु आयोग, महिला आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग, मुस्लिम आयोगलगायत सम्बन्धित सबैलाई गम्भीर हुन अपिल समेत गरेको छ।

# कोरोनाको नयाँ भेरियन्टबाट सजकता अपनाउन आग्रह

**टुडे समाचारदाता**



काठमाण्डु। छिमेकी मुलुकमा भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट देखापरेपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालमा सजकता अपनाउन आग्रह गरेको छ। भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट जेएन-१ फैलिरहेकाले नेपालमा पनि फैलिनसक्ने भएकाले मन्त्रालयले सजकता अपनाउन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भीडभाड हुने स्थान जस्तै मेला, भोज, पार्टीलगायतमा मास्कको प्रयोग गर्नहुनु, भौतिक दुरी कायम राख्नहुन र हातको सरसफाइमा ध्यान दिन सबैलाई अनुरोध गरेका छन्। उनले नेपालमा अणुवाङ्शिक अध्ययन गर्दा अहिलेसम्म उक्त नयाँ भेरियन्ट पुष्टि नभएको बताए।

मन्त्रालयले विश्वका केही देशमा कोभिड-१९ को सङ्क्रमणको नयाँ भेरियन्ट जेएन-१ को जोखिम बढिरहेको र छिमेकी देशमा पनि सङ्क्रमण फैलिरहेकाले आवश्यक निगरानी एवं सम्बन्धित देशहरुसँग समन्वय गरिरहेको जनाएको छ । कोभिड-१९ को नयाँ सव भेरियन्टको बढ्दो सङ्क्रमणलाई ध्यानमा राख्दै प्रवेश विन्दुका सबै हेल्थ डेक्स, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा सबै सरोकारवालामार्फत आवश्यक स्क्रिनिङ्ग र निगरानी भइरहेको उल्लेख गर्दै मन्त्रालयले नयाँ भेरियन्टको रोकथाम र उपचारको व्यवस्थापनका लागि तयारी अवस्था रहेको जनाएको छ।

# गाँजा प्रयोग गर्न पाउनुपर्ने माग

**टुडे समाचारदाता**

पाटन । चिकित्सकको सिफारिसका आधारमा बिरामीले औषधिका रुपमा गाँजा प्रयोग गर्न पाउनुपर्नेमा विज्ञहरूले जोड दिएका छन् । मङ्गलबार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले आयोजना गरेको 'गाँजाको औषधिजन्य गुण र त्यसको सामाजिक प्रभाव' विषयक विज्ञान संवादमा सो कुरा उठाइएको हो।

काठमाडौँ विश्वविद्यालय स्कुल अफ साइन्स, फार्मेसी विभागका प्रा डा पन्ना थापाले मेडिकल जाँच गर्ने क्रममा गाँजाको प्रयोगबाट ठिक हुने प्रमाणित भए बिरामीमा प्रयोगका लागि सिफारिस गरिने भएकाले बिरामीले पनि औषधिका रूपमा गाँजा प्रयोग गर्न पाउनुपर्ने र सोहीअनुसार कानुनी व्यवस्था गरिनुपर्नेमा जोड दिएका हुन्।

"बिरामीले औषधिका रूपमा गाँजा प्रयोग गर्न पाउनुपर्नेमा विज्ञहरूको जोड छ । मेडिकल जाँच गर्ने क्रममा गाँजाको प्रयोगबाट ठिक हुने प्रमाणित भएको अवस्थामा बिरामीलाई प्रयोग गर्न सिफारिस गर्ने गरिन्छ, धेरैजसो देशले औषधिका रूपमा प्रयोग गर्नपाउनु पर्छ भनेर पैरवी गरेका छन् तर हामीले २० वर्षभन्दा मुनिका लागि भने प्रयोगमा अनुमति दिनुहुँदैन", उनले भने।

प्रा डा थापाले गाँजा विशेष किसिमको वनस्पति भएको र नेपालमा अहिलेसम्म तीन प्रकारको गाँजा पाइने उल्लेख गर्दै चीनबाट सुरु भएको गाँजाको प्रयोग अहिले निद्रा नलाग्दा र एन्जाइटीमा प्रयोग गर्न सकिने धारणा व्यक्त गरे । उनले शक्तिशाली देशले गरिब देशलाई कमजोर बनाएर राख्ने रणनीतिअनुरुप औषधीय गुणलाई बेवास्ता गर्दै गाँजालाई बन्देज गरिएको छ भने। नेपालकै इतिहासमा पनि विसं १९७३ भन्दा अगाडि यसलाई औषधीयरूपमा प्रयोग गरेको पाइन्छ भन्दै डा थापाले गाँजाको टुप्पोदेखि जरासम्म सबै उपयोगमा आउने र यसलाई राम्रोसँग नियमन गर्न सके आर्थिक उपार्जनको माध्यम बन्नसक्ने जानकारी गराए।



राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशचन्द्र पौडेलले गाँजाको प्रयोगसम्बन्धी तीन सय वर्षको इतिहास भेटिने उल्लेख गर्दै गार्मेन्ट र टेक्सटाइलमा पनि कच्चा पदर्थका रूपमा प्रयोग गर्न सकिने देखिएको जानकारी गराए।

"गुल्मीको कफीलाई जापानसँग लिङ्क गरेपछि सहज भएजस्तै गाँजालाई पनि औषधीय गुणसँग जोडेर अन्तर्राष्ट्रियकरण गरिनुपर्छ। आयातित प्रवृत्तिले हाम्रा गर्विलो इतिहासलाई मेटाउँदै छौं, विगतका शासन प्रणालीमा भएको कमजोरीले हाम्रो मौलिकतालाई गुमाउँदै छौं," डा पौडेलले भने, "गाँजालाई धुमपानका रूपमा प्रयोग गर्ने पद्धतिलाई मात्रै बन्देज गर्न सकेको भए हुन्थ्यो, अन्तर्राष्ट्रिय प्रभावका कारण औषधीयरूपमा पनि प्रयोग गर्न बन्देज गरेर हामीले सबै अवसरलाई गुमायौं । बन्देज गर्नेगरी बनेका र भएका कानुनलाई १६औं आवधिक योजनामा परिमार्जन गर्न पहल गर्नेछु।"

नास्टका उपकुलपति प्रा डा दिलीप सुब्बाले गाँजा उत्पादन, उपभोग, प्रशोधन र बजारीकरणको विषय पेचिलो बनेको र नीति निर्माण तहमा विवादास्पद विषय बनेको धारणा व्यक्त गरे। उनले सबै पक्षलाई केलाएर वैज्ञानिक, सामाजिक र मानवीय पक्षलाई ध्यान दिएर अगाडि बढ्नुपर्नेमा जोड दिए । नीति र कानुन निर्माणमा ठोस सहयोग पुगोस् भन्ने धारणा व्यक्त गर्दै सरकारमा लाभदायक देखिनेगरी प्रतिवेदन पेस गर्न सकिने अपेक्षा गरे।

गाँजासम्बन्धी नीति-नियमबारे चर्चा गर्दै बौद्धिक सम्पत्ति केन्द्र नेपालका कार्यकारी निर्देशक अधिवक्ता राजकुमार सुवालले मनीप्लान्टको सट्टामा घरको कोठाभित्र गाँजा रोप्न सक्यौं भने हावामा कार्बनडाइअक्साइडलाई शुद्धीकरण गर्न सकिने धारणा व्यक्त गरे । उनले कानुनीरूपमा बन्देज गरिएका देशमा मेडिकल क्षेत्रमा एक वर्षमा पनि चार सयभन्दा बढी बिरामीलाई गाँजा प्रयोगका लागि सिफारिस भएको पाइएको धारणा व्यक्त गरे।

गाँजासम्बन्धी भएका अनुसन्धान र हालसम्मको उपलब्धिबारे प्रस्तुतिकरण गर्दै नास्टका वैज्ञानिक डा सजनलाल स्याउलाले कुन खालको गाँजा कुन उपचारमा उपयोगी हुन्छ भन्ने कुरा अनुसन्धान गर्न आवश्यक छ भने।

कुन औषधिमा के प्रयोजनका लागि गाँजा प्रयोग हुन्छ भन्ने अनुसन्धान पनि आवश्यक भएको धारणा व्यक्त गर्दै उनले यसको प्रयोगलाई व्यवस्थित गर्न र दुरुपयोगलाई निरुत्साहित गर्न कसरी नियमन गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिएर नीति-निर्माण गर्नुपर्नेमा जोड दिए।

हेम्प उद्योगका प्रबन्ध निर्देशक गणेश ऐडीले गाँजासम्बन्धी आर्थिक पक्षबारे चर्चा गर्दै अहिलेसम्म ऐन-नियममा भएका छिद्रलाई टेकेर काम गर्नुपर्ने बाध्यता छ भने । नेपालको ५२ जिल्लामा यसको खेती गर्न सकिने उल्लेख गर्दै उनले यसबाट ४० लाख किलो रेसा र २० लाख किलो दाना उत्पादन गर्न सकिए पनि हाल चार लाख ५० किलोमात्रै रेसा र दाना उपलब्ध हुने गरेको छ भने।

गाँजा क्षेत्रमा कार्यरत अनुसन्धानकर्मी, सङ्घसंस्था, मन्त्रालय सबैलाई एकै थलोमा ल्याई, गाँजासम्बन्धी नेपालमा भइरहेको कार्यक्रमबारे जानकारी गराउने उद्देश्यका साथ आयोजित विज्ञान संवादमा विभिन्न क्षेत्रका विज्ञहरूले आ-आफ्ना धारणा व्यक्त गरेका थिए।

# मिर्गौला बेचबिखनमा संलग्न व्यक्ति पक्राउ

काठमाण्डु। मानव अङ्ग मिर्गौला बेचबिखन गर्ने कार्यमा संलग्न रही फरार रहेका एक जना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा नुवाकोट बेलकोटगढी नागरपालिका-१३ बस्ने ४३ वर्षीय हरि नेपाली भनिने हरी दर्जी रहेका केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए।

उनका अनुसार निज दर्जीलाई मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरी टोलीले काठमाडौँबाट पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो।

पीडितलाई निज दर्जीले भारतको कोलकातास्थित एक पसलमा राम्रो काम लगाइदिने प्रलोभन देखाई नुवाकोटबाट काकडभिट्टा हुँदै भारत पुर्याएपछि पीडितलाई झुक्याई अस्पताल लगेर बेहोस पारी मिर्गौला झिक्न लगाएका थिए।

दर्जीउपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा अनुसन्धानका लागि सात दिन म्याद थप भएको प्रवक्ता कडायतले जानकारी दिए।

**मधेश प्रदेश सरकार**

**प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

**जनकपुरधाम, धनुषा**

**चमेना गृह सञ्चालन सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८०/०९/१९

यस प्रशिक्षण केन्द्र परिसर भित्र अवस्थित चमेना गृह (Canteen) सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका फर्म, सेवा प्रदायकले यही मिति २०८०/०९/१९ देखि ७ (सात) दिन भित्र (मिति २०८०/०९/२५ गतेसम्म) कार्यालय समयमा यस केन्द्रको वेबसाईट : prtc.madhesh.gov.np मा उपलब्ध सूचनामा संलग्न खाजा/खानाको विवरण अनुसारको परिकार के-कति दर रेटमा उपलब्ध गराउन सकिने हो, दररेट सहितको प्रस्ताव खामबन्दी गरी यस केन्द्रको व्यवस्थापन शाखामा पेश गर्नुहुन सुचित गरिन्छ।

**कार्यकारी निर्देशक**

**मधेश प्रदेश सकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**


**कृषि ज्ञान केन्द्र**

**गौर, रौतहट**

**सिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०९/१९

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रस्तावमा आधारित कृषि विकास कार्यक्रमका लागि इच्छुक कृषि व्यवसायमा संलग्न उद्यमि/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/कम्पनी/संघ संस्थाहरुबाट सहकार्यमा प्रस्तावमा आधारित कार्यक्रम संचालनको लागि तोकिएको ढाँचामा माग गरिएका कागजातहरु संलग्न राखी २०८०/१०/०८ गते सम्म कार्यालय समय भित्र यस केन्द्रमा खामबन्दी प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना आव्हान गरिएको छ। साथै कृषि सडक निर्माण कार्यक्रमका लागि यस जिल्लाका इच्छुक स्थानीय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनीको साझेदारीमा कृषि सडक (कम्तिमा १३ फिट देखि अधिकतम २४ फिट सम्म चौडाई भएको निर्धारित लम्बाईमा माटो र ग्रेभल बाटो) निर्माणको लागि तोकिएको ढाँचामा तपसिल अनुसारको कागजातहरु संलग्न राखी मिति २०८०/१०/०२ गते (१५ दिन) भित्र यस कृषि ज्ञान केन्द्रमा आईपुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि https://akcrautahat.p2.gov.np मा सम्पर्क गर्न सकिनेछ। विस्तृत जानकारीको लागि ०५५-५२०००१ मा सम्पर्क गर्न सकिनेछ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# रेल डुबाउने खेल

नेपालको एकमात्र रेलको आर्थिक अवस्था एकदम कमजोर हुँदै गएको छ । लाखौं घाटामा सञ्चालन भइरहेको रेललाई सरकारले धान्न सक्ने अवस्था छैन् । सरकारले घाटामा चलेको रेलमा धेरै लगानी नगरेकै कारण विगतमा पनि रेलको अवस्था दयनीय भएको थियो । रेललाई नियमित रुपमा सञ्चालन गर्न आर्थिक उपार्जन अत्यावश्यक छ । रेलवेका अधिकारीहरुका अनुसार मासिक ५४ लाख भन्दा बढी नोक्सानमा रेल सञ्चालन भइरहेको छ । रेलको सञ्चालन खर्च हरेक दिन बढ्दै गएको छ । हाल रेल नयाँ रहेकाले मर्मत सम्भारको खर्च कम छ । दिनहुँ पुरानो भइरहेको रेलको मर्मत सम्भारको खर्च पनि क्रमिक रुपमा बढदै जानेछ । रेलको मर्मत सम्भार खर्चमा बृद्धि हुन थालेपछि हालको रेल घाटा कयौं गुणा बढने निश्चित छ । भारत सरकारको सहयोगमा निर्माण भएको पूर्वाधारहरुको मर्मत सम्भार पनि गर्नुपर्ने समय आउन थालेको छ । पूर्वाधारको मर्मतमा समेत रेलवेले मोटो रकम खर्च गर्नुपर्ने हुन्छ । आगामी दुई वर्षमा हालको घाटा खर्च बढेर मासिक १ देखि डेढ करोड सम्म पुग्न सक्छ । कर्मचारीको तलब, सुविधा पनि क्रमिक रुपमा बढ्दै जानेछ । रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले आफू खुशी करारमा कर्मचारीहरु व्यापक भर्ना गरेका छन् । ४९ जना कर्मचारीका लागि विगतमा विज्ञापन गरिएकोमा हाल १सय ३ जना कर्मचारी पुग्दा पनि दोस्रो पटक विज्ञापन गरिएको छैन् । रेलवे घाटामा रहेको बेला कर्मचारी भर्नाको औचित्य समेत पुष्टि गर्नु आवश्यक हुन्छ । तर महाप्रबन्धक झाले विवादास्पद ढंगबाट कर्मचारी भर्ना गरेको देखिन्छ । रेलवेको जग्गामा रहेका व्यवसायिक भवन लगायत खाली जग्गा समेत बहालमा लगाउँदा मिलेमतो गरिएको छ । रेलवे स्टेशनहरु नजिक रहेको व्यवसायिक प्रयोजनका जग्गाहरु बहालमा दिन सार्वजनिक सूचना हुँदा डाक बढाबढबाट रेलवेले राम्रो आम्दानी प्राप्त गर्न सक्छ । रेलवेलाई नाफामा ल्याउन हरेक काम पारदर्शी हुनुपर्छ । कर्मचारी भर्ना, मसलन्द खरिद, जग्गा बन्दोबस्ती, पसल बहाल लगायतका सबै कामहरु पारदर्शी रुपमा नभए सम्म रेलवे मुनाफामा सञ्चालन हुन सक्दैन् । तर महाप्रबन्धक झाले रेलवेलाई मुनाफामा ल्याउने काम गर्नु भन्दा दोस्रो कार्यकालमा समेत घाटा बढाउदै गएका छन् । रेलवेलाई मानिस ओसारपसारको साथै विगतमा जस्तै मालसमान ढुवानी गर्ने बोगी समेत राख्नु पर्छ । मानव ढुवानी गरेर रेल मुनाफामा जान सहज छैन् । त्यसमा अपारदर्शी कृयाकलापले झन आर्थिक नोक्सान भइरहेको छ । रेल डुबाउने खेललाई समयमै नरोकिए रेल बन्द भए दुख मनाउनुको विकल्प हुने छैन् ।

# आर्थिक सबलीकरणका लागि आकस्मिक योजना



प्रा विश्वम्भर प्याकुर्याल

मुलुकमा अस्थिर अर्थ-राजनीति हुँदा विकासले गति लिन सक्दैन । नेपालले राजनीतिक फड्को जसरी मार्न सक्यो, आर्थिक विकासमा अपेक्षाकृत फड्को मार्न नसक्दा जनतामा राज्य प्रणालीप्रति आउन सक्ने असन्तुष्टीप्रति समयमै राजनीतिक दलहरुले गम्भीरता देखाउन ढिला गर्नु हुँदैन । आज परिश्रम गर्न सक्ने व्यक्तिहरुले पनि काम पाएका छैनन्, महङ्गीले गर्दा अधिकांश व्यक्तिको दैनिकी कठिन बन्दै गएको छ । परियोजनाको प्राथमिकीकरण राजनीतिक स्वार्थमा आधारित भएकाले बजेटको वर्गीकरण सधैँ विवादास्पद बनेको छ । एकातिर प्रावधान गरिएको बजेट खर्च हुन सकेको छैन । अर्कोतिर वैदेशिक सहयोग उपयोग गर्ने सामर्थ्यमा ह्रास हुँदै गएको छ । आत्मविश्वासमा गिरावट आयो भने स्वदेशी वा विदेशी लगानीकर्ता हतोत्साहित हुनेछन् । लगानीमा प्रोत्साहनस्वरूप चालु आर्थिक वर्षको बजेटमा सरकारले न्यूनतम् पूँजी लगानी ६० प्रतिशतले घटाएको थियो तर त्यसको खासै प्रभाव परेको देखिँदैन ।

सीमित क्षेत्रमा लगानी थुप्रिएकाले फरक कारणले एउटा क्षेत्रमा देखिएको सङ्कट अर्को क्षेत्रमा प्रवाहित हुने गरेर सानो समस्याले पनि राष्ट्रिय समस्याको रुप लिने गरेको छ । हामीले आफ्नो लगानी तथा आर्थिक गतिविधिलाई एउटा क्षेत्रमा मात्रै सीमित नगरेर मुलुक र मुलुक बाहिर विभिन्न स्थानमा विविधीकरण गर्न सकेको भए राजनीतिक अस्थिरताले एउटा स्थानमा भोगेको असफलतालाई अर्को स्थानमा सञ्चालित गतिविधिले धेरै हदसम्म सन्तुलन गर्न सकिन्थ्यो । नेपाल राष्ट्र बैंकले सन् २०२०/२१ को अन्तसम्म वैदेशिक प्रत्यक्ष लगानीको स्वीकृति लिएका ६०४ ओटा कम्पनीमध्ये १९७ कम्पनीको सालाखाला क्षमता उपयोग ६४.९ प्रतिशत र नाफा १४.७ प्रतिशत रहेको देखाएको छ तर प्रदेशगत रूपमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को अङ्कको मूल्याङ्कन गर्ने हो भने असमानता छ । यसमा बागमती प्रदेशले ५६.१ प्रतिशत हिस्सा ओगट्छ भने कोशीमा १६.१ प्रतिशत बाहेक अन्य प्रदेशमा समेत सन्तोषजनक छैन । एफडिआई स्टक सुदूरपश्चिममा ०.८ प्रतिशत छ भने कर्णालीमा त शून्य रहेको छ ।

दक्षिण एसियाको अन्य मुलुकको तुलनामा नेपालमा कुल गार्हस्थ्य आम्दानी (जीडीपी) सन्तोषजनक छैन । दक्षिण एसियाको सालाखाला जीडीपी वृद्धिदर सन् २०२२ मा ६.० प्रतिशत रह्यो जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत न्यून हो । भारतमा आब सन् २०२३/२४ मा वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यही समयमा माल्दिभ्समा ६.५ प्रतिशत रहने छ । बङ्गलादेशमा पनि ५.६ प्रतिशतकै अनुमान गरिएको छ । राजनीतिक अस्थिरता र ऋणको दायित्व वृद्धिले गर्दा पाकिस्तानमा यो वृद्धिदर करिब २ प्रतिशतको हाराहारीमा रहने देखिएको छ भने मन्दीपछि श्रीलङ्कामा पुनर्उत्थानको सङ्केत देखिँदैछ । नेपालमा भने सन् २०२२ मा देखिएको ५.६ प्रतिशतको वृद्धि अर्थतन्त्रमा सामान्य रिकभरि हुन गए सन् २०२४ मा अधिकतम् ३.९ प्रतिशतम्म रहने प्रक्षेपण गरिएको छ । सन् २०२३ मा भने गत १० वर्षको सालाखाला वृद्धिको तुलनामा सबैभन्दा कम १.९ प्रतिशतमा झर्न गएको छ ।

वर्तमान विकास ढाँचा आर्थिक वृद्धिमा मात्र बढी केन्द्रित भएकाले यसमा परिवर्तनको खाँचो छ । त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमै समस्या ल्याएकाले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ । राजश्वको मुख्य आधार कर सङ्कलनमा पारदर्शिताको अभाव तथा गिरावट प्रष्ट देखिन्छ । विकास योजना र सामाजिक क्षेत्रमा गरिने लगानी घट्दै जाँदा यसले आर्थिक वृद्धिमा तगारो लाग्दछ ।

नेपाललाई अन्य मुलुकसँग तुलना गर्न र मुलुकले गरेका विकासको लेखाजोखा गर्न केही चलनचल्तीका सामान्य परिसूचक अध्ययन गर्दा नतिजा राम्रो देखिँदैन । जीडीपीले मुलुकको कुल उत्पादनलाई सङ्केत गर्छ । माथि भनेजस्तै यसको वृद्धिदर हेर्‍यो भने क्षेत्रीयस्तरमै कम देखिन्छ । त्यस्तै कूल राष्ट्रिय उत्पादन (जीएनपी)ले वैदेशिक लगानीलगायत कुल आर्थिक उत्पादनलाई सङ्केत गर्छ जुन निकै कम छ । जीएनपीलाई जनसङ्ख्याले भाग लगाउने हो भने प्रतिव्यक्ति आम्दानी देखाउँछ जो न्यून छ, मुस्किलले एक हजार ३९९ डलर पुग्न जान्छ । सङ्कटग्रस्त भएर पनि श्रीलङ्कामा २०२३ मा तीन हजार ८३३ डलरको हाराहारीमा रहने प्रक्षेपण गरिएको छ । जन्म र मृत्युदर हेर्दा स्वास्थ सेवाको उपलब्धता र जनकल्याणको क्षेत्रमा कमजोर अवस्था छ । मानव विकास परिसूचकअन्तर्गत लिइने सालाखाला मृत्युदर, शिक्षा र कूल राष्ट्रिय आय सबैजसो परिसूचकहरु दिगो विकास कार्यक्रममा लिइएको उद्देश्यको तुलनामा कम छ । अझ पनि बाल मृत्युदर उच्च छ जसले स्वास्थ सेवा र जीवनयापनको अवस्था इङ्गित गर्छ । बाह्य क्षेत्रको सकारात्मक प्रवृत्ति र ऊर्जा क्षेत्रमा भने सन्तोषजनक अवस्था छ ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत् राष्ट्र बैंकले गरेको परिमार्जित नीतिले परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीले तोकिएको क्षेत्र र अन्य क्षेत्रमा प्रवाह भएको पाँच करोड रुपैयाँसम्मको कर्जालाई ऋणीको अनुरोध, उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषणको आधारमा बैंक तथा वित्तीय संस्थाबाट बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति अपनाई आउँदो चैतसम्म पुनर्तालिकीकरण वा पुनःसंरचना गर्न पाउने सहुलियत प्रदान गरेर साना ऋणीलाई राहत दिने कार्यक्रम सार्वजनिक गरेको छ ।

वाह्य क्षेत्र सुधारात्मक देखिए तापनि लगानीको अभावमा औद्योगिक उत्पादनमा ह्रास आएको छ । आन्तरिक प्रयासमा सम्भव भएका वस्तुहरुको समेत आयात भइरहेको र निराशाजनक निर्यातले व्यापार घाटा अत्यधिक बढेर एकातिर राजश्व घट्नु अर्कोतिर व्यापार र उद्योगको अभावमा बाह्य क्षेत्र सीमित वस्तु र सेवाको बलमा टिक्नुले गर्दा हाम्रो बाह्य क्षेत्रको उपलब्धि दिगो हुने कुरामा विश्वास गर्न गाह्रो भएको छ । कल्पना गरेभन्दा छिटो राष्ट्र बैंकले निश्चित क्षेत्रमा मौद्रिक सुधार ल्याउने प्रयास गरेको छ । बजारले सुधार अनुरुप पाँच वर्षदेखि तात्विक रुपमा नतिजा दिन सकेको छैन । तरलता बढेर ब्याज दरमा कमी आउँदा समेत वित्तीय संस्थाबाट ऋण प्रवाह हुन नसक्नुले सरोकारवालाबीचको असमझदारीलाई इङ्गित गर्दछ । यसमा नेपाल सरकार र राष्ट्र बैंकको नीतिगत प्रयासको खाँचो छ । औद्योगिक क्षेत्र सन् २०२२ मा भएको १०.८ प्रतिशतको वृद्धिबाट २०२३ मा ०.६ प्रतिशतमा घट्न गएको छ भने कृषि क्षेत्र पनि ५.६ प्रतिशतको वृद्धिबाट १.९ प्रतिशतमा ओर्लेको देखिन्छ ।



अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ । जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक सङ्गठनहरुले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन् । आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तनलाई न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ । व्यापारिक सङ्गठनहरुले पनि आफ्नो व्यापार सञ्चालनमा, सम्पत्तिमा र जनतामा राजनीतिक जोखिमले सिर्जना गरेको प्रभाव न्यूनीकरण गर्न परामर्श योजना बनाउनु पर्नेछ । यस्तो योजनामा राजनीतिक जोखिमको निगरानी र मूल्याङ्कनको प्रावधानको साथै अनुभव गरिरहेका वर्तमान जोखिमहरुको अद्यावधिक खाका तयार गरी सुसूचित भैराख्नु पर्नेछ । साथै, उद्योग व्यवसायीहरुले सम्भावित जोखिम र तिनलाई न्यूनीकरण गर्न लिन लागेका नीतिहरुबारे कर्मचारी, उपभोक्ता तथा अन्य सम्बन्धित सरोकारवालाबीच नियमित सम्बाद गर्नुपर्ने हुन्छ ।

राजनीतिक अस्थिरता, कोभिड महामारी, भ्रष्टाचार र शासकीय कमजोरीले धेरै उद्योगधन्दा जोखिमपूर्ण अवस्थामा छन् । यस्तोबेला सरकारले त्यस्ता रुग्ण उद्योगहरुलाई पुनर्जीवित गर्न विशेष कार्यक्रम ल्याउन जरूरी छ । यस्ता कार्यक्रमले रोजगारी वृद्धि गर्नुका साथै रुग्ण उद्योगको पुनर्स्थापना गर्न सहयोग पुग्दछ । राज्यबाट राहत पाएर आर्थिक विकासको गतिलाई सामान्यीकरण गर्न गरिएका धेरै प्रयोग विश्वमा सफल भएका छन् । यस्ता प्रयोग नेपालमा कति सम्भव छ व्यावसायिक छलफलको आवश्यकता देखिन्छ । कुनै पनि क्षेत्रमा लगानी गर्नुअघि त्यस स्थानको पूर्वाधारहरुको अवस्थामा प्रचूर अध्ययन र मूल्याङ्कन गरी स्थानीय स्तरका सम्भावित लगानीकर्ताको दृष्टिमा बजारको सम्भाव्यता र हाँक के-के हुन् विश्लेषण आवश्यक छ ।

त्यस्तै प्राथमिकताका परियोजनाको राजनीतिक जोखिम बिमा आवश्यक छ । लगानीकर्ताका पहुँच बाहिरकाकारणबाटपरियोजनाले भोग्न सक्ने जोखिमबाट सुरक्षा लिन र भविष्यमा बैदेशिक लगानीकर्तालाई समेत प्रोत्साहित गर्न यो नीति आवश्यक देखिन्छ । मुद्रा अपरिवर्तनीयताले गर्दा मुद्राको प्रयोग र ऋण तिर्न समस्या खडा हुने हुनाले सरोकारवालाबीचको समझदारी टुट्न सक्छ। बहुपक्षीय प्रभावको रूपमा सम्बन्धित व्यक्ति वित्तीय निर्णय लिन हिच्किचाउने हुनाले यसबाट लगानी घट्नुका साथै आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पर्न सक्छ । त्यसैले विश्वव्यापी घटनाहरुको बारेमा सचेतना हुन आवश्यक छ ।

कतिपय अन्तरराष्ट्रिय घटना र विदेशी राष्ट्रले लिएका आन्तरिक नीतिगत निर्णयको प्रभाव अन्य मुलुकको स्थानीय अर्थसामाजिक स्तरमा समेत पर्ने गर्दछ । जस्तैः रूस-युक्रेन युद्धको प्रभाव विश्वव्यापी आपूर्तिमा र अर्थ-राजनीतिमा पर्न गयो । हामीले एउटै मुलुकसँग मात्र भर नपरी आपूर्ति संयन्त्रलाई विविधीकरण गर्न सकेमा अर्थतन्त्रमा पर्नसक्ने क्षतिबाट धेरै हदसम्म सुरक्षित रहन सकिन्छ । हालै अमेरिकाले गरेको ट्राभल एडभाइजरीको निर्णयले पार्न सक्ने असरको विश्लेषण गरी यसलाई सहजीकरण गर्न सरकारले बिलम्ब गर्नु हुन्न । अर्थशास्त्री किन्सले 'इन द लङ रन एभ्री वन इज डेड' (कालान्तरमा सबैको मृत्यु हुन्छ) भनेजस्तै राजनीतिक नेतृत्वले अब तात्कालिक, देख्न र भोग्न सकिने प्रभाव-ऊन्मुख नीति आइराखेको छ भन्ने कुरामा जनतालाई विश्वास दिलाउनु पर्दछ ।

*(पूर्व राजदूत रहिसक्नु भएका लेखक वरिष्ट अर्थशास्त्री हुनुहुन्छ)*

# जाजरकोट भूकम्पः शीघ्र विपद् प्रतिकार्यले क्षति न्यून

**शुरबहादुर सिंह**

कर्णालीमा एउटा उखान छ 'भन्या जन्ती जानु, सुन्या मलामी जानु' अर्थात् हरेकको दुःख-सुखमा सँगसँगै हिँड्ने हाम्रो मौलिक संस्कार छ । 'जहाँ सङ्कट, त्यहाँ उद्धार मनले सहयोग' गर्नु यहाँको मौलिक रीति नै हो । यही रीतिअनुसार यहाँ मर्दा र पर्दा दुवैमा सबै मिलेर सघाउने प्रचलन छ र भूकम्पले यसपालि ल्याएको विपद्मा पनि स्थानीयहरूको महत्त्वपूर्ण भूमिका रह्यो ।

विसं २०८० कात्तिक १७ गते शुक्रबार राति ११:४७ बजे जाजरकोट बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रविन्दु भएर छ दशमलव चार म्याग्निच्युडको भूकम्प गएपछि धेरै नागरिक घरबारविहीन भए । भूकम्पबाट जाजरकोट र रुकुमपश्चिमले धेरै ठूलो क्षति ब्यहोर्नुपर्‍यो । त्यसबाट सल्यान पनि अछुतो रहेन ।

भूकम्पबाट बाँचेका नागरिकले घर भत्केर च्यापिएकाहरूको उद्धारका साथै प्रहरी प्रशासनलाई जतिसक्दो छिटो खबर गरे । घाइतेको स्याहारमा सहयोग पुर्‍याए । स्थानीय, प्रदेश तथा सङ्घ सरकारलाई खोज तथा उद्धारमा सहयोग गरे । घटनालगत्तै सरकारका सबै संयन्त्रहरू तत्कालै घटनास्थलमा पुगी घाइतेको छिटो उद्धार हुँदा मानवीय क्षति बढी हुनबाट जोगिएको स्थानीयवासी दिनेश सिंह बताउनुहुन्छ ।

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार भूकम्पमा परी जाजरकोटमा एक सय पाँच जनाको मृत्यु भयो । मृत्यु हुनेमा ७२ महिला र ३३ जना पुरुष छन् । त्यस्तै रुकुमपश्चिममा ५२ जनाको मृत्यु भयो । मृत्यु हुनेमा २७ महिला र २५ पुरुष थिए । भूकम्पकै कारण जाजरकोटमा ८१, रुकुमपश्चिममा ७९, दैलेख र जुम्लामा तीन-तीन जनागरी एक सय ६६ जना घाइते भए ।

यस विपद् प्रतिकार्यमा भने सङ्घ, प्रदेश सरकार र स्थानीय तह सबैको महत्त्वपूर्ण भूमिका रह्यो । विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट पाठ सिकेको सरकारले यसपटको शीघ्र खोज तथा उद्धारकार्यले अनपेक्षित क्षति हुन दिएन । कात्तिक १७ गते राति भूकम्प गएको खबर पाएलगत्तै एकाबिहानै नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' प्रभावित जिल्ला जाजरकोट र रुकुमपश्चिममा पुगेर जनधनको क्षतिको अवस्था अध्ययन अवलोकन गर्नुभयो ।

दुवै जिल्लामा जनधनको क्षतिको अध्ययन गरी भूकम्पमा घाइते भएका नागरिकलाई उपचारका लागि आफैँ चढेको हेलिकोप्टरमा उद्धार गर्नुभयो । उहाँले पीडित नागरिकको खोज, उद्धार, राहतमा तदारुकताका साथ लाग्न स्थानीय तह, प्रशासन र सम्बद्ध निकायलाई निर्देशनसमेत दिनुभयो । प्रधानमन्त्रीको यस कार्यले पीडामा परेका नागरिकलाई सरकारको अभिभावकीय भूमिका आभास गरायो । केही पर्दा सरकार छ भन्ने गहिरो अनुभूति हुनेगरी प्रभावित जिल्लाका नागरिकको दुःख र पीडामा प्रधानमन्त्रीले उपस्थिति जनाउँदा त्यसले उनीहरूमा आशा पनि जगायो ।

त्यसैगरी सोही दिन कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्माको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक बसी सुर्खेतबाट नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित चिकित्सक तथा स्वास्थ्यकर्मीको टोली भूकम्प प्रभावित क्षेत्रमा खटियो । त्यसलगत्तै मन्त्रालयगत जिम्मेवारी बाँडफाँट गरी प्रदेश सरकारका सबै मन्त्रीहरूले प्रभावित क्षेत्रका नागरिकको जीवन सुरक्षार्थ तत्काल खाद्य, लत्ताकपडा, खानेपानी, त्रिपाललगायतका आधारभूत आवश्यकताको परिपूर्ति गरे ।

प्रदेश सरकारका मुख्यमन्त्री शर्मा एक सातासम्म जाजरकोट र रुकुमपश्चिमका जिल्लामै पुगेर सङ्कटमा जनताको साथमा सरकार छ भन्ने गरी उनीहरूको पीडा, समस्या र जटिलताको अध्ययन गर्नुभयो । उनीहरूका समस्यामा मल्हम लगाउने गरी प्रदेश सरकारले विपद् कोषमा सहयोगको आह्वान गर्‍यो भने अर्कोतिर भूकम्पपीडितको समस्या समाधानका लागि रु एक अर्ब बजेट छुट्यायो । पछिल्लो समयमा विद्यालय, खानेपानी, ध्वस्त सडकको मर्मतमा सो रकम खर्च गर्ने योजना प्रदेश सरकारले बनाएको छ ।

राति भूकम्पबाट जति धनजनको क्षति भयो ती क्षतिग्रस्त जिल्लामा सरकारको शीघ्र खोज, उद्धार तथा राहतको कामले ठूलो क्षति हुन पाएन । सरकारका सुरक्षा तथा स्वास्थ्य संयन्त्रहरूको प्रभावकारी परिचालन, घाइतेहरूको उद्धार र प्रभावितहरूका लागि तत्काल राहतका कामहरू भए । स्थानीय तहहरूको पनि त्यसमा सक्रियता त्यत्तिकै रह्यो । आफ्ना नागरिकहरूको सुरक्षार्थ सबै खोज, उद्धार, राहत तथा पुनःस्थापनाका सबै काममा लागिएको नलगाड नगरपालिका जाजरकोटका प्रमुख डम्बरबहादुर रावतले बताउनुभयो ।

भूकम्प प्रभावित क्षेत्रमा सरकारको समन्वयमा विभिन्न दलसँग आवद्ध संगठनका सदस्यहरूले पनि अस्थायी आवास निर्माणमा सहयोग गरे । नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), नेकपा (समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी, विप्लवलगायतका पार्टीमा आवद्ध सङ्गठनहरूले राहत वितरणदेखि अस्थायी टहरा निर्माणमा सहयोग पुर्‍याए । राजनीतिक पार्टीहरू र तिनका भातृ सङ्गठनका कार्यकर्ताहरूको सक्रियताका कारण खुला आकाशमा बस्न बाध्य भूकम्पपीडितहरूले अस्थायी रुपमै भएपनि समयमै ओत लाग्न पाएका छन् ।

कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीका अनुसार भूकम्पपीडितको लागि प्रदेश सरकार, स्थानीय तह, दातृ निकायहरू र विभिन्न सङ्घ/सङ्गठनबाट राम्रो सहयोग रह्यो । अहिले भने प्रदेश सरकारले भूकम्पपीडित जिल्लाका स्थानीय तह तथा अन्य विभिन्न निकायबाट भइरहेका गतिविधिको अनुगमन निरीक्षण गरिरहेको छ । अस्थायी आवास निर्माणको कार्यले गति लिएको छ ।

जाजरकोटका ३५ हजार एक सय ४० भूकम्पीडितमध्ये छ हजार आठ सय ५६ जनाले पहिलो किस्तावापतको रकम प्राप्त गरेको जिल्ला प्रशासन कार्यालय जाजरकोटका सूचना अधिकारी हरिश्चन्द्र शमाले जानकारी दिनुभयो । सङ्घीय सरकारले प्रदान गरेको प्रतिआवास निर्माणका लागि रु ५० हजारका दरले अनुदान दिएकोमध्ये सम्झौता भएका नौ हजार तीन सय २५ लाभग्राहीहरूले पहिलो किस्तावापत रु २३ करोड ३९ लाख २५ हजार पाएका छन् ।

सूचना अधिकारी शर्माका अनुसार हालसम्म जाजरकोटमा छ हजार पाँच सय ९८ अस्थायी आवास निर्माण गरिएका छन् । सात स्थानीय तहका लागि जाजरकोटमा निकासा भएको रकम रु ८४ करोड ९५ लाख ७५ हजार रहेको थियो । अठार हजार नौ सय ६३ लाभग्राहीले सम्झौता गरेका थिए । त्यस्तै रुकुमपश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बडुवालले छ स्थानीय तह रहेको रुकुमपश्चिममा २३ हजार छ सय आठ लाभग्रही रहेको बताउनुभयो । उनीहरूको अस्थायी आवास निर्माणका लागि सङ्घीय सरकारबाट रु ५९ करोड दुई लाख बजेट प्राप्त भएको बताउँदै सहायक प्रजिअ बडुवालले यहाँका स्थानीय विपद् कोषबाट १६ हजार तीन सय २३ लाभग्राहीको खातामा रु ४० करोड ८० लाख ७५ हजार रकम गएको जनाउनुभयो । रुकुममा आजसम्म अनुदानवापतको रकमबाट नौ हजार हजार छ सय ६४ निर्माण भइरहेका र चार हजार नौ सय ५० अस्थायी आवासको निर्माणकार्य सम्पन्न भएको छ ।

दश स्थानीय तह रहेको सल्यानमा भूकम्पबाट दार्मा गाउँपालिका प्रभावित भएको छ । सल्यानमा एक हजार सात सय ४३ लाभग्राही रहेको निमित्त प्रमुख जिल्ला अधिकारी थमन खड्काले जानकारी दिनुभयो । उनीहरूको अस्थायी आवास निर्माणका लागि रु सात करोड सङ्घीय सरकारबाट आएर रु एक करोड पालिकामा गई कार्यान्वयनका चरणमा रहेको उहाँले बताउनुभयो ।


आन्तरिक मामिला तथा कानुन मन्त्रलाय विपद् शाखाका प्रमुख कृष्णबहादुर रोकायले प्रदेश सरकारले भूकम्पबाट ज्यान गुमाएका हालसम्म एक सय २९ मृतकका परिवारलाई प्रदेश सरकारबाट विपद् जोखिम बीमा उपलब्ध गराइएको बताउनुभयो । उहाँले प्रतिमृतक रु दुई लाखका दरले रु दुई करोड ५८ लाख रकम वितरण गरिएको जनाउनुभयो । कानुनमन्त्री जिसी पीडितकै दैलोमा पुगेर बीमा रकम वितरण गर्दै आउनुभएको छ । उहाँका अनुसार भूकम्प प्रभावित जिल्लाका १४ स्थानीय तहलाई कर्णाली प्रदेश सरकारले रु दुई करोड ४५ लाख राहत सामग्रीको ढुवानी तथा खरिदका लागि निकासा दिएको छ । त्यस्तै रु पाँच करोड विपद् जोखिम कार्यविधि कार्यान्वयनका लागि दिइएको शाखा प्रमुख रोकायको भनाइ छ । कर्णाली प्रदेश विपद् कोषमा भने प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सङ्गठन समूह गरेर गरेर करिब रु सात करोड जम्मा भएको उहाँले बताउनुभयो ।

कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भूकम्पबाट प्रभावित क्षेत्रमा 'हरित पुनःस्थापना' गर्ने तयारीमा जुटेको छ । मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले भूकम्प प्रभावित जिल्लामा उत्पन्न सङ्कटपूर्ण परिस्थितिको दीर्घकालीन समाधान र मानव जीवनको सुरक्षाको लागि मुलतः कृषि क्षेत्रको विकास, प्रवर्द्धन र संवर्द्धन गर्न रु १० करोड बजेट प्रस्ताव गरिएको बताउनुभयो ।

कर्णाली प्रदेश योजना आयोगका पूर्वसदस्य डा दीपेन्द्र रोकाय जमिन भिरालो हुनु, बाढी पहिरो आउनु र नदी कटानले विपद् ल्याउने विषयमा मात्र ध्यान दिँदा कर्णालीले यो क्षति व्यहोर्नुपरेको टिप्पणी गर्नुहुन्छ । "भूकम्पले ल्याउने क्षतिका विषयमा कुनै अध्ययन अनुसन्धान भएन", उहाँले भन्नुभयो, "सरकारको अबको नवीन र दीर्घकालीन योजनामा भूकम्प प्रतिरोधात्मक संरचना निर्माणकार्य प्राथमिकतामा राखिनुपर्दछ ।" उहाँले सुरक्षित आवासबिना नागरिक जीवन सुरक्षित र मुलुकको समृद्धि हुन नसक्ने बताउनुभयो । डा रोकायले भन्नुभयो, कर्णाली प्रदेशलाई बचाउन अहिले नै सुरक्षित आवास नीति अख्तियार गर्नुपर्दछ । नीतिगतरूपमा सम्पूर्ण नागरिकको विपद् जोखिम आवास तथा प्राकृतिक विपद् जोखिम दुर्घटना बीमा गर्नुपर्छ । भू-गर्भको अध्ययन गरी योजनाबद्ध बस्ती विकास हुनुपर्छ । यसले विद्यमान गरिबीको अन्त्य र नागरिक जीवन सुरक्षाको सुनिश्चित हुन सक्दछ ।"

कर्णालीका नागरिक अगुवा तथा बुद्धिजीवी पीताम्बर ढकालले यतिबेलाको जाजरकोट भूकम्पमा सबै सरकारहरूको महत्त्वपूर्ण भूमिका रहेको टिप्पणी दिनुभयो । "सरकार, राज्य भएको त्यतिबेला मात्र बोध हुन्छ जतिबेला नागरिकले महसुस गर्छन्", अगुवा ढकालले भन्नुभयो, "केही हदसम्म यसपटकका भूकम्पपीडितले त्यो अनुभूति गरेको पाइएको छ ।" विशेषगरी, गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति अहिले पनि समस्यामा रहेकाले सरकारले उनीहरूको पुनःस्थापनामा जोड दिनुपर्ने उहाँले सुझाउनुभएको छ ।

# उत्पादनमा ध्यानमा राखी बासस्थान बनाउन अर्थमन्त्रीको भनाई



टुडे समाचारदाता

पाटन । अर्थमन्त्री डा प्रकाशशरण महतले भूकम्प प्रभावित क्षेत्रमा पुनःनिर्माण अघि बढाउँदा रोजगारी र उत्पादन गुम्नेगरी बासस्थान निर्माण गरिनु नहुने धारणा राखेका छन् । भूकम्प प्रभावित जिल्लाका जनप्रतिनिधिको संयुक्त आयोजनामा बुधबार ललितपुरमा आयोजित जाजरकोट रामिडाँडा भूकम्प प्रभावित क्षेत्रको पुनः निर्माणसम्बन्धी वृहत् अन्तरक्रियामा मन्तव्य राख्दै अर्थमन्त्री डा महतले नागरिकको अपेक्षा बमोजिमको उपयुक्त स्थानमा बासस्थान निर्माण गर्ने गरी पुनःनिर्माणका काम अघि बढाउनुपर्ने बताएका हुन् ।

"नागरिकलाई सुरक्षित गर्ने कुरामा गम्भीर ढङ्गले लागेको छ । पुनःनिर्माणका कामलाई प्रभावकारी बनाउन स्रोत र साधनको परिचालन र वितरणमा स्थानीय र प्रदेश सरकारको प्रत्यक्ष सहयोग र कार्यान्वयनमा ध्यान दिनुपर्छ । रोजगारी र उत्पादन गुम्नेगरी बासस्थान निर्माण गरेर पनि सहज हुँदैन, उनीहरुको रोजगारी र उत्पादनलाई पनि सुरक्षित हुने गरी नागरिकको अपेक्षा बमोजिमको उपयुक्त स्थानमा बासस्थान निर्माण गर्ने गरी पुनःनिर्माणका काम अघि बढाउनुपर्छ ।" डा महतले भने ।

उनले विपद् व्यवस्थापनमा आवश्यक बजेट उपलब्ध गराउनु नेपाल सरकारको जिम्मेवारी हो भन्दै स्रोत र साधन जुटाएर खर्चको व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए । डा महतले जिल्ला विपद् व्यवस्थापन समितिमार्फत स्थानीय तहमा पुऱ्याउनुपर्ने धारणा राख्दै बजेटको सीमाभित्र रहेर काम गर्नुपरेको भए पनि हामी व्यवस्थापन गर्ने प्रयत्न गर्ने प्रष्ट पारे ।

उनले पुनःनिर्माणका लागि बजेट नपुग भएको खण्डमा मित्रराष्ट्रका प्रतिनिधिसँग पनि समन्वय गरेर कुन रुपमा सहयोग आउन सक्छ भन्ने केही दिनमै निर्क्यौल निकाल्ने जानकारी गराए । अब पुनः निर्माणका काम गर्दा ठूलो भूकम्प आउँदा पनि थेग्न सक्ने भवन निर्माण गर्नुपर्नेमा जोड दिदै सरकारले यसका लागि वडा तहसम्म दक्ष प्राविधिकको व्यवस्थापन गर्ने अर्थमन्त्री महतको प्रतिबद्धता छ ।

पूर्व अर्थमन्त्री तथा प्रतिनिधिसभा सदस्य जनार्दन शर्माले जनजीवनलाई जोड्ने तथा रोजगारी र सीपलाई उठाउने गरी पुनः निर्माणका काम अगाडि बढाउन तीनै तहका सरकारहरुबीच समन्वय र सहकार्य हुनुपर्ने धारणा राखे । उनले भूकम्प प्रभावित क्षेत्रमा एकीकृत बस्ती निर्माणमा जोड दिनुपर्ने बताए । वातावरण संरक्षण सहितको प्रविधिमैत्री पुनःनिर्माणका लागि जोड दिँदै विपद् थेग्न सक्ने गरी पुनःनिर्माण अगाडि बढाउनुपर्ने धारणा उनको थियो ।

भूकम्प प्रभावित जिल्लाको भू-भागलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरेर प्राथामिकताका साथ त्यहाँको जनजीवनलाई सहज बनाउने गरी पुनःनिर्माणका काम तीव्र गतिमा अगाडि बडाउनुपर्नेमा कार्यक्रमका सहभागीले जोड दिएका थिए ।

# विपद्मा सरकारी संयन्त्रको प्रभावकारिता वृद्धि भएको छ : प्रधानमन्त्री



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतका तुलनामा विपद्पछिको खोज, उद्धार र राहतमा सरकारी संयन्त्रको प्रभावकारिता अनुभूति हुनेगरी वृद्धि भएको बताएका छन् । ललितपुरमा बुधबार आयोजित भूकम्प प्रभावित क्षेत्रमा विपद् व्यवस्थापन तथा पुनःनिर्माणसम्बन्धी कार्यक्रममा उनले सरकारका तीनै तहको सक्रियता र समन्वयका कारण जाजरकोट भूकम्पमा उद्धार, उपचार र राहतको अभियान सफल भएको बताए ।

प्रधानमन्त्री दाहालले भूकम्पपूर्वको तयारी, भूकम्पपछि तत्काल उद्धार, उपचार र राहतको प्रबन्ध तथा दीर्घकालीनरूपमा त्यसको प्रभावको समाधानमा सबैका प्रयास केन्द्रित गर्नुपर्ने बताए । जाजरकोट भूकम्पबाट प्रभावितको उद्धार र राहतसँगै पूर्ण क्षति भएका घरका परिवारलाई तत्कालका लागि अस्थायी आवास निर्माण गर्न प्रतिघरपरिवार रु ५० हजार उपलब्ध गराइएको जानकारी दिँदै उनले सांसद विकास कोषको बजेटसमेत थप गरी रु १० अर्ब विपद् व्यवस्थापन कोषमा राखिएको बताए ।

अस्थायी आवास निर्माणमा स्थानीय तहको नेतृत्व स्थापित हुनेगरी प्रक्रिया अगाडि बढाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रदेश र स्थानीय तहले पुनःनिर्माणका लागि पहल लिनुपर्नेमा जोड दिए । "स्थानीय सरकार जति सक्रिय हुन्छन् त्यति छिटो जनताले पैसा पाउँछन्, म स्थानीय स्वशासन स्थापित हुनेगरी काम गरेर देखाउन स्थानीय जनप्रतिनिधिलाई आह्वान गर्दछु", उनले भने ।

प्रभावित क्षेत्रमा क्षतिको आकलन तथा आवश्यकता पहिचानको काम लगभग सम्पन्न भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यसका आधारमा उपयुक्त कार्ययोजना तय गरी प्रदेश र स्थानीय तहको अगुवाइ तथा तीनै तहको समन्वयमा पुनःनिर्माणको कार्य प्रारम्भ गरिने बताए । उनले यसका लागि सम्बद्ध सबैलाई आ-आफ्नो क्षेत्र र तहमा तीव्रताका साथ तयारी गर्न निर्देशन पनि दिए ।

"निजी आवास मात्रै बनाएर पुग्दैन, सार्वजनिक संरचनाको पुनःनिर्माण तथा आर्थिक, सांस्कृतिकसहित समग्र पुनःनिर्माणको योजना बनाएर अघि बढ्ने योजना हुनुपर्दछ", प्रधानमन्त्री दाहालले भने । उनले कर्णाली र सुदूरपश्चिमका जनताको सामाजिक, सांस्कृतिक पहिचान र संस्कृतिको सम्मानका साथै उनीहरूसँगको छलफल र सहमतिका आधारमा पुनःनिर्माणको अभियान थालनी गरिनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले पुनःनिर्माणको कार्यमा स्थानीय स्रोतसाधनको उपयोग र परिचालन, सीप विकास तथा रोजगारी सिर्जनाको अवसर, मौलिक तथा भूगोल र जलवायु अनुकूल बस्ती विकासमा ध्यान दिन आग्रह गरे । उहाँले भूकम्प या प्राकृतिक विपद्पछि उद्धार वा त्यसबाट जोगिने विषयमा केही समय चर्चा हुने गरे पनि विपद्को पूर्वजोखिमको आकलन गरी सोहीअनुरूपको संरचना र तयारीका काममा उदासिनता रहने गरेको उल्लेख गरे ।

"यसपटक शृ्ङ्खलाबद्धरूपमा आएका भूकम्पले जोखिम प्रतिरोधी संरचना र सोहीअनुरुपको निरन्तर तयारीका लागि घच्घच्याएको छ, अब पुनःनिर्माणका लागि गतिलो तयारी गर्ने, भूकम्पप्रतिरोधी डिजाइन तयार पार्ने, बलियो संरचना बनाउने तथा पर्याप्त बजेटको व्यवस्था गर्ने विषयमा मेरो जोड रहेको छ", प्रधानमन्त्री दाहालले भने ।

विगतका अनुभवबाट पाठ सिक्दै नेपाललाई कसरी विपद् र जलवायु परिवर्तन उत्थानशील बनाउने भन्ने चुनौती नेपालसामु रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत नै पुनःनिर्माणको काम अघि बढाइने बताए । भूकम्पका असर र प्रभावलाई राम्रोसँग विश्लेषण गरेर यसपछि आउनसक्ने विपत्तिको व्यवस्थापन गर्न व्यावहारिक र प्रभावकारी नीतिगत आधार तयार गर्नुपर्छ भन्दै उहाँले क्षति भएका र जोखिममा रहेका संरचनामात्र नभई कमजोर तथा जोखिममा रहेका संरचनालाई पनि प्रबलीकरण गर्नुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले हालैका भूकम्पलाई जोखिमको पूर्वसङ्केतको रूपमा लिँदै ठूला विपद्को सामना गर्न सक्ने क्षमता विकास गर्न जोखिम आकलन, न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचना प्रणालीको काम अझै घनिभूत गर्न निर्देशन दिए । सबै प्रदेश, जिल्ला र स्थानीय तहमा पर्याप्त मात्रामा खोज तथा उद्धार उपकरणको व्यवस्था, टेन्टलगायत राहत सामग्रीको व्यवस्था गर्न प्राधिकरणलाई निर्देश गर्दै उनले अर्थ मन्त्रालय र योजना आयोगले पुनःनिर्माणाका साथै जोखिम न्यूनीकरण र पूर्वतयारीको लागि थप बजेटको व्यवस्था गर्नुपर्ने बताए ।

नेपाल भूकम्प, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको उच्च जोखिममा रहेकाले निजी आवासलगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा मुख्यसचिवको नेतृत्वमा अध्ययन थालिएको उनको भनाइ छ । प्रधानमन्त्री दाहालले भूकम्प प्रभावितलाई उद्धार, राहत तथा नेपाललाई विपद् र जलवायु परिवर्तनको प्रभावबाट सुरक्षित राख्न सहयोग प्रदान गर्न खटिएका राष्ट्रसेवक, सुरक्षा निकाय, स्थानीय तह, नागरिक समाज, विकास साझेदार सामाजिक सङ्घसंस्थालगायतलाई धन्यवाद दिँदै आगमी दिनमा पनि समन्वय, सहकार्य र सहयोगका लागि आह्वान गरे । कार्यक्रममा कर्णाली प्रदेशका मुख्यमन्त्री, जाजरकोट र रुकुमपश्चिमका जनप्रतिनिधिलगायतको सहभागिता थियो ।

**नवप्रवर्तनमुखी कृषि प्रणाली आवश्यक**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको समृद्धिका लागि नवप्रवर्तनमुखी कृषि प्रणालीको खाँचो औँल्याएका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बुधबार भएको 'दिगो विकासको वर्तमान अवस्था र भविष्य' विषयक कार्यक्रममा उनले परम्परागत ढङ्गको कृषि प्रणालीबाट मुलुकको समृद्धि सम्भव नभएको बताए ।

प्रधानमन्त्री दाहालले आधुनिक कृषि प्रणालीको अवलम्बन गरिनुपर्नेमा जोड दिँदै कृषि क्षेत्रको विकासबाट रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा आयात प्रतिस्थापन गर्न सकिने बताए । नेपालको दिगो विकासको मूल आधार कृषि नै रहेको उनको भनाइ छ ।

वर्तमान सरकार कृषिलाई मुख्य आधार बनाएर समृद्धिको यात्रामा होमिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सोह्रौं पञ्चवर्षीय योजनामा कृषिको भूमिकालाई प्रतिविम्बित गर्न खोजिएको बताए । आफू पनि कृषिको विद्यार्थी भएकाले उनले कृषिलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । हरित क्रान्तिका निम्ति भारत सरकारको पहल उदारहणीय रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भारतको उपलब्धि नेपालजस्ता मुलुकले सिक्न लायक रहेको बताए । नेपालको सन्दर्भमा उपयुक्त हुने विषय अनुशरण गर्न तयार रहेको उनको भनाइ थियो ।

सो अवसरमा पतञ्जलि योगपीठका महासचिव आचार्य बालकृष्णले दिगो विकासका लागि कृषिको भूमिका सम्बन्धी प्रस्तुति दिँदै कृषि क्षेत्रमा गर्न सकिने कामका बारेमा जानकारी गराएका थिए । उनले दिगो विकासका लागि कृषिमा आधारित काम कसरी गर्न सकिन्छ भन्ने अवधारणा पेस गरेका थिए ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, मन्त्रिपरिषद्का सदस्य, मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिवलगायतको सहभागिता थियो ।

# 'प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपतिक निर्वाचन प्रणाली आवश्यक'

टुडे समाचारदाता

काठमाण्डु । २०७९ सालमा सम्पन्न निर्वाचनपश्चात् नयाँ संसद् गठन भएको करिब एक वर्ष पुग्नै लागेको छ । यस अवधिमा संसद्ले जति काम गर्न सक्नुपर्थ्यो, त्यति हुन सकेको छैन । तर पनि धेरै काम भएका छन् । संसद्को पहिलो वर्ष सरकार गठन, राष्ट्रपति, उपराष्ट्रपति तथा सभामुखको निर्वाचन र 'मिनी पार्लियामेन्ट'का रूपमा रहेको संसदीय समिति गठन र सभापति चयनका काम यही वर्षमा भएका छन् । महत्वपूर्ण विधेयक सदनमा आएका छन् । केही विधेयक सदनबाट पारित भई कार्यान्वयनमा पनि आइसकेका छन् । तराई मधेस क्षेत्रमा व्यापकरूपमा रहेको मिटरब्याजसम्बन्धी समस्या ऐन बनाएरै सदाका निम्ति समाधान गरिएको छ । नागरिकतासम्बन्धी विधेयक पारित भएको छ । यसबाट नागरिकताविहीन लाखौं नेपाली नागरिकले नागरिकता पाउने बाटो खुलेको छ । धेरै महत्वपूर्ण काम पहिलो वर्षमा भएका छन् ।

सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण विधेयक संसदीय प्रक्रियामा रहेको छ । संसद्को पहिलो वर्ष भएका कारणले पनि अन्य काम प्राथमिकतामा परे । ती विधेयकहरू प्रक्रियामा छन्, अब चाँडै टुङ्गोमा पुग्नेछन् । पहिलो वर्ष धेरै काम सुरु भएका छन् । आगामी अधिवेशनमा सिङ्गो मुलुकको प्राथमिकतामा रहेका काम अघि बढ्छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशवासीका नाममा गर्नुभएको सम्बोधनका क्रममा पनि धेरै विषयवस्तु अगाडि आएका छन् । ५२ वर्षदेखि अद्यावधिक हुन नसकेको शिक्षा विधेयक, प्रदेश सरकारलाई सुदृढ गर्नेलगायत महत्वपूर्ण कानुन निर्माणको प्रक्रिया सुरु भएको छ ।

शान्ति प्रक्रियालाई जतिसक्दो छिटो निष्कर्षमा पुऱ्याउनुपर्छ । यसलाई टुङ्ग्याउन सत्ताको नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) आतुर छ । माओवादीका तर्फबाट धेरै नै प्रयास भइरहेको छ । पार्टी अध्यक्ष एवं प्रधानमन्त्री दाहालले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन सत्ता साझेदार दल तथा प्रमुख प्रतिपक्षी दलसँग निरन्तर संवाद र छलफल गरिरहनुभएको छ । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई सदनबाट पारित गर्न विभिन्न उपसमिति बनाएर छलफल भइरहेको छ । उपसमितिले समितिलाई सुझाव दिएको अवस्था छ । उक्त विधेयक संसद्मा आउने प्रक्रियामा छ ।

यस विषयलाई टुङ्ग्याउन माओवादीका तर्फबाट सकारात्मक भूमिका निर्वाह भइरहेको छ । प्रमुख प्रतिपक्षीलाई पनि सहमतिमा लिएर यसलाई निष्कर्षमा पुऱ्याउन अधिकतम लचिलो भएर माओवादी अघि बढिरहेको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई सर्वसम्मतिबाट अघि बढाउनका लागि सरकार लागिरहेको छ । प्रतिपक्षीबाट केही बहानाबाजी हुँदा ढिला भएको हो । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषय सरकारको उच्च प्राथमिकतामा छ ।

कानुन निर्माण संसद्को प्रमुख काम हो । एकवर्षे अवधिमा विभिन्न कारणबाट सदन अवरुद्ध हुन पुग्यो । सदनको गति केही धिमा भएको हो, तर केही पनि भएन भन्ने चाहिँ होइन । समितिका निर्देशन तथा संसद्को आकस्मिक, शून्य, विशेष समय र प्रश्नोत्तरका क्रममा उठेका जिज्ञासा सरकारका तर्फबाट समाधान भइरहेका छन् । प्रधानमन्त्रीले प्रत्येक महिना उठेका प्रश्नको जवाफ दिइरहनुभएको छ । यस्तै मन्त्रीज्यूले पनि सदनमा स्पष्ट पारिरहनुभएकै छ । सदनले माग गरेको अवस्थामा प्रधानमन्त्रीले जवाफ दिइरहनुभएको छ । सरकारले सदनलाई उच्च महत्व दिएको अवस्था छ ।

सुशासनको विषयमा वर्तमान सरकारले नै 'बोल्ड' निर्णय लिएको छ । यही कार्यकालमा होला ठूल्ठूला भ्रष्टाचारका विषयमा अनुसन्धान भइरहेको छ । वर्तमान सरकारले सशक्त र निर्धक्क ढङ्गबाट आफ्नो कदम अघि सारेको छ । सरकारले 'सिस्टम' बसाउन खोजेको छ । जे गर्दा पनि छुट हुने अराजकताको अवस्था सरकारले अन्त्य गरेको छ । अनियमितताका घटनामा अनुसन्धान भइरहेका छन् । दोषीलाई कारबाही हुँदै आएको छ । अनियमितता तथा भ्रष्टाचारमा संलग्न ठूला नेता तथा कर्मचारी जोगिएका छन् भन्ने अवस्थाको अन्त्य भएको छ । गल्ती गरेपछि जुनसुकै पदमा भए पनि कानुनको दायरामा आउँछ भन्ने स्थापित भएको छ । यसले सकारात्मक सन्देश दिएको छ । सरकारको कामबाट चौतर्फी आशा र उत्साह पैदा भएको छ । फरक दल भएपछि कामकारबाहीमा फरकपन आउनु स्वाभाविक हो । सबै राजनीतिक दल एकमत हुने भए एकै दल हुन्थ्यो होला । मूलतः राष्ट्रिय मुद्दामा सम्पूर्ण दल एकै ठाउँमा उभिनुपर्छ ।

नीति, नियम र कानुन निर्माणमा संसद् केन्द्रित हुनुपर्छ । कानुन कार्यान्वयन सरकारको जिम्मेवारीभित्र पर्छ । नीति तथा कार्यक्रम र बजेट तर्जुमाको काम पुरानै शैलीबाट अगाडि बढाउनु हुँदैन । सरकारको नीति तथा कार्यक्रम र बजेटमा जनताका प्रतिनिधिले दिएका सुझाव नसमेटिने अवस्था रह्यो । पुरानै परम्परागत प्रक्रिया भएकाले संसद्मा पढ्ने, सांसदले सुन्ने तर सरकारले जेजस्तो प्रस्तुत गरेको छ, सो जस्ताको तस्तै हुबहु पास हुने स्थिति बदल्नुपर्छ । नीति तथा कार्यक्रम र बजेट फेरबदल गर्दा सरकार नै अल्पमतमा परेको हुने पुरानो प्रक्रिया हटाएर जनताका प्रतिनिधिबाट आएका सल्लाह र सुझावलाई समेटेर नीति कार्यक्रम र बजेट बनाउनुपर्छ । सांसदहरूले यही सुझाव पटकपटक सदनमा राखेका थियौं । प्रधानमन्त्री दाहालले आफ्नो सम्बोधनका क्रममा नीति तथा कार्यक्रम र बजेटलाई परिमार्जन गरेर जाने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । आगामी दिनमा उक्त प्रक्रियाको सुरुआत हुनेछ ।

मुलुकको तीव्र आर्थिक विकास नहुनुमा शासकीय स्वरुप र निर्वाचन प्रणालीको दोष देखिन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति भएको शासकीय स्वरूपमा जानुको कुनै विकल्प छैन । जनताबाट प्रत्यक्ष निर्वाचित व्यक्ति जनताप्रति बढी उत्तरदायी हुन्छ । त्यस्तो व्यक्तिले मात्र जनताको अपेक्षा वास्तविकरूपमा पूरा गर्न सक्छ । भड्किलो, खर्चिलो निर्वाचन प्रणाली पनि बदल्नुपर्छ । लामो समय राजनीतिक योगदान गरेका र इमान्दार व्यक्तिले निर्वाचन लड्न सक्ने अवस्था छैन । पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नु उचित हुन्छ । महँगो र भड्किलो बन्दै गएको निर्वाचनलाई सच्याउनुपर्छ ।

> भड्किलो, खर्चिलो निर्वाचन प्रणाली पनि बदल्नुपर्छ । लामो समय राजनीतिक योगदान गरेका र इमान्दार व्यक्तिले निर्वाचन लड्न सक्ने अवस्था छैन । पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नु उचित हुन्छ । महँगो र भड्किलो बन्दै गएको निर्वाचनलाई सच्याउनुपर्छ ।



# प्रतिस्पर्धामा अब्बल सावित हुन मन्त्री शर्माको निर्देशन

टुडे समाचारदाता



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले प्रतिस्पर्धामा आफूलाई अब्बल सावित गर्दै बढीभन्दा बढी नाफा कमाउने गरी काम गर्न नेपाल टेलिकमका व्यवस्थापक र कर्मचारीलाई निर्देशन दिएकी छन् ।

नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल टेलिकम केन्द्रीय समितिको १७औँ वार्षिकोत्सवलाई बुधबार भद्रकालीमा सम्बोधन गर्दै मन्त्री शर्माले पछिल्लो समयमा यस संस्थामा सुधार गर्न मेहनत गर्नुपर्ने स्थिति आएको बताईन् ।

"संस्थाको राजस्वमा गिरावट आएको छ । तपाईहरुले यसलाई हिजोको अवस्थामा फर्काउन निकै मेहन गर्नुर्पर्नेछ । जनताले अझै पनि यसलाई विश्वास गरिरहेका छन्, त्यो विश्वासलाई अवसरका रुपमा लिएर काम गर्नुहोस्", नेपाल सरकारका प्रवक्ता शर्माले भनिन्, "संस्थाले नाफा कमाएमा देशको आर्थिक समृद्धिका साथै यहाँका कर्मचारीको सेवा सुविधा वृद्धिमा पनि योगदान पुग्नेछ ।"

संस्था गिर्दै गएमा सुविधा कटौती हुनसक्ने उल्लेख गर्दै मन्त्री शर्माले यस्ता विषयमा सबै सङ्गठनको व्यावसायिक योजनासहित हातेमालो हुन सकोस् भने । गणतन्त्र प्राप्ति भइसकेपछि आफ्ना हक अधिकारको वकालतका साथै राजनीतिक दल र कर्मचारी सङ्गठनले ध्यान देशको आर्थिक समृद्धिमा हुनुपर्नेमा उनले जोड दिए । मन्त्री शर्माले दूरसञ्चार ऐन, २०५३ संशोधनको गृहकार्य भइरहेको र टेलिकमको निवमावलीलाई सामयिक संशोधन गरिने जानकारी दिईन् ।

# खेलको क्षेत्रको उत्थानमा पत्रकारको भूमिका महत्वपुर्ण

टुडे समाचारदाता

कर्णाली । कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री खड्गबहादुर पोखरेलले कर्णालीको खेल क्षेत्रको उत्थानमा पत्रकारको महत्वपूर्ण भूमिका रहेको बताए ।

नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेशद्वारा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित 'खेलकुद पत्रकारितासम्बन्धी दुईदिने तालिम'को उद्घाटन गर्दै उहाँले कर्णाली प्रदेश खेल क्षेत्रको प्रचुर सम्भावनाको भूमि रहेको बताए । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशमा हुने जनाउँदै उनले यसको तयारीमा प्रदेश सरकार लागिपरेको बताए ।

मन्त्री पोखरेलले भने, "यो तालिमबाट यहाँ खेलिने रैथानेलगायतका विभिन्न खेल क्षेत्रको सूचना सङ्कलन र त्यसबाट समाजमा पार्ने सकरात्मक प्रभावका समाचार सम्प्रेषणमा पत्रकारको सक्षमता वृद्धि हुनेछ ।" उनले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि यहाँका दशवटै जिल्लामा भौतिक संरचना निर्माणको तयारी भइरहेको बताए ।

कर्णाली प्रदेश खेलकुद परिषद्का सदस्यसचिव विश्वामित्र सञ्ज्यालले पत्रकार महासङ्घले सञ्चालन गरेको खेलकुद पत्रकारिताले विधागत पत्रकारितामा सहयोग पुर्याउने टिप्पणी गरे । तालिमले खेल क्षेत्रसँग सम्बद्ध रहेर पत्रकारको सीप र दक्षता वृद्धि हुने उल्लेख गर्दै उनले दशौँ राष्ट्रिय खेल प्रतियोगिताको आयोजक प्रदेश कर्णाली भएकाले प्रदेश रङ्गशालाको निर्माणकार्य तीव्ररूपमा अगाडि बढेको जनाए ।

उक्त कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य दीपेन्द्र शर्माले पछिल्लो समयमा हिमाली जिल्लामा पनि खेल क्षेत्र विस्तार भएकाले भूगोल केन्द्रित भएर सरकारले बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।

# टोकियो विमानस्थलमा दुर्घटनाबारे अनुसन्धान सुरू

## दुर्घटनाका कारण तीन सयभन्दा बढी उडान प्रभावित

एएफपी

टोकियो । जापानको राजधानी टोकियोस्थित हानेदा विमानस्थलमा मङ्गलबार साँझ जापानको तटरक्षक विमान र जापान एयरलाइन्स (जेएएल) यात्रुबाहक विमान एकआपसमा ठोक्किएर भएको दुर्घटनाको कारणबारे अनुसन्धान सुरू गरिएको जापानको यातायातसम्बद्ध अधिकारीहले बताएका छन् ।

दुर्घटनामा पाँच जनाको मृत्यु भएको थियो भने विमानस्थलको प्रयोग गरी अवतरण र उडान भर्ने ३०० भन्दा बढी उडान रद्द भएका थिए ।

हवाईजहाज, रेल र पानीजहाजमा भएका गम्भीर दुर्घटनाको अनुसन्धान गर्ने सरकारी निकाय जापान यातायात सुरक्षा बोर्डले बुधबार दिउसो विमानको भग्नावशेषको जाँच गरेको छ भने प्रहरीले पनि दुर्घटनास्थलको निरीक्षण गरेको थियो ।

सुरक्षा बोर्डले सामुद्रिक सुरक्षा गार्डको विमानको फ्लाइट र भ्वाइस रेकर्डरहरू भेट्टाएको र होक्काइदो प्रान्तको न्यू चिटोस विमानस्थलबाट उडेको जापान एयरलाइन्सको विमानको फ्लाइट र भ्वाइस रेकर्डरहरू खोजी गरिरहेको स्थानीय सञ्चार माध्यमहरू अधिकारीहलाई उद्धृत गरी जनाएका छन् ।

"हनेदा एयर ट्राफिक कन्ट्रोलरले दुर्घटना हुनुअघि यात्रुवाहक विमानलाई धावनमार्गमा अवतरण गर्न अनुमति दिएका थिए र कोस्ट गार्ड विमानलाई 'छोटो समयका लागि धावन मार्गमा पर्खिन' निर्देशन दिएका थिए," जापानको यातायात मन्त्रालयको स्रोतलाई उद्धृत गर्दै राष्ट्रिय प्रसारणकर्ता एनएचकेले जनाएको छ ।

जापानको राष्ट्रिय समाचार एजेन्सी क्योदोले जापान एयरलाइन्सलाई उद्धृत गर्दै भनेको छ, "विमानका चालक दलका सदस्यले एयर ट्राफिक कन्ट्रोलको पुष्टि भएपछि अवतरण प्रक्रिया अघि बढाएको र उडानका क्रममा विमानमा कुनै असामान्यता नभएको बताएका थिए ।"



दुर्घटनाका कारण विमानस्थलका सबै धावनमार्ग केही घण्टाका लागि बन्द गर्नुपरेको थियो जसका कारण हनेदाबाट आउने र जाने २२६ उडान रद्द भएका थिए जसका कारण ४० हजारभन्दा बढी यात्रु प्रभावित भएका थिए ।

बुधबार तीनवटा धावनमार्ग खुला गरिए पनि दिनभरि करिब १०० वटा उडान बन्द हुने अनुमान गरिएको छ, जसका कारण १९ हजार यात्रुको यात्रा योजना प्रभावित हुनेछ ।

स्थानीय समयअनुसार मङ्गलबार साँझ ६ बजे एआरएल फ्लाइट ५१६, एयरबस ए-३५० हानेदाको सी-रनवेमा अवतरण गर्ने क्रममा कोस्ट गार्डको विमान एमए-७२२ र बम्बार्डियर ड्यास-८ दुर्घटना हुँदा दुवै विमानमा आगो लागेको थियो ।

मङ्गलबार टेलिभिजन फुटेजमा जापान एयरलाइन्सको विमान धावनमार्गमा गुडिरहेको बेला त्यसको छेउबाट ठूलो मात्रामा आगो लागेको देखिएको थियो । त्यसपछि विमानको पखेटा वरपरको क्षेत्रमा आगो लागेको थियो ।

त्यसको एक घण्टापछि देखिएको फुटेजमा विमान आगोले जलेको देखिएको छ ।

एमए-७२२ विमानमा सवार चालक दलका छ सदस्यमध्ये पाँच जनाको मृत्यु भएको पुष्टि भएको छ भने दुर्घटनापछि विमानबाट उम्कनसफल क्याप्टेन गम्भीर घाइते भएका छन् ।

कोस्ट गार्डका प्रवक्ता योशिनोरी यानागिशिमाका अनुसार मध्य जापानमा सोमबार अपराह्न ७.६ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प गएपछि हनेदा विमानस्थल बेससँग सम्बन्धित कोस्ट गार्डको विमान निगाता प्रान्तको भूकम्प प्रभावित क्षेत्रका लागि राहत सामग्री ढुवानी गर्न धावनमार्गमा विस्तारै गुडिरहेको थियो ।

यात्रुबहाक विमानमा सवार सबै ३६७ यात्रु र चालक दलका १२ सदस्य विमानबाट उम्कन सफल भएका छन् । टोकियोको दमकल विभागका अनुसार दुर्घटनापछि आगो निभाउन आठ घण्टाभन्दा बढी समय लागेको थियो ।

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ६४ पुग्यो



सिन्ह्वा

टोकियो । जापानको इशिकावा प्रान्तमा बुधबार गएको भूकम्पमा तथा पराकम्पनका कारण मृत्यु हुनेको संख्या ६४ पुगेको छ ।

सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पले इशिकावाको बाजीमा सहरमा व्यापक संरचनात्मक क्षति तथा आगलागी भएको छ । बुधबारसम्म पनि भग्नावशेष र भत्किएका सडकहरूले खोजी र उद्धार कार्यमा असहजता भएकाले हालसम्मको पूर्ण जानकारी आउन सकेको छैन ।

भूकम्प प्रभावित क्षेत्र नोटो प्रायद्वीपमा बुधबार बिहान ५.४ र मङ्गलबार साँझ पनि ४.६ म्याग्निच्युडका दुई ठूला पराकम्पन गएका छन् । जापान मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्पीय तीव्रता स्केल ७ रहेको र जमिनमा उभिन कठिन भएको थियो । स्थानीय सञ्चारमाध्यममा आएका विवरणअनुसार इशिकावाका अधिकारीहरूले सरकारलाई विपद् तथा राहतको लागि 'सेल्फ डिफेन्स फोर्स'का कर्मचारीहरू पठाउन आग्रह गरेका छन । भूकम्पका कारण स्थल यातायातको पहुँच टुटेका क्षेत्रहरूमा आपूर्तिहरू पुऱ्याउन हेलिकप्टर प्रयोग गर्ने तयारी गरेको सशस्त्र बलहरूले जनाएका छन् ।

क्षतिको रिपोर्टसँगै प्रभावित क्षेत्रमा मानिसहरू भत्किएका घरहरूमा फसेको तथा उद्धारको पर्खाइमा रहेको धेरै घटनाहरू आइरहेको नगरपालिका अधिकारीहरूले जनाएका छन् ।

जेएमएले भूकम्पपछि जापानी समुद्रमा राखिएका सुनामीसम्बन्धी सुचनाहरू हटाएको छ । यद्यपी मौसम अधिकारीहरूले अर्को दुई तीन दिनसम्म शक्तिशाली पराकम्पनहरू आउन सक्ने चेतावनी दिएका छन् ।

# टर्कीको मुद्रास्फीति दर ६५ प्रतिशतको हाराहारीमा

एएफपी

इस्तानबुल । टर्कीको वार्षिक मुद्रास्फीति दर डिसेम्बरमा ६५ प्रतिशत अर्थात् सन् २०२३ कै उच्च विन्दुमा पुगेको छ । मुद्रास्फीति दर मे महिनासम्ममा ७०-७५ प्रतिशत पुग्ने प्रक्षेपण अर्थशास्त्रीहले गरेका छन् ।




यद्यपि, राष्ट्रपति रेसेप तैयप एर्दोगानको बजारमामिला अध्ययन गर्ने अर्थशास्त्रीहरूले नयाँ टोलीले आगामी चार महिनाभित्र मुद्रास्फीति अहिलेसम्मकै उच्च विन्दुबाट घट्न थाल्ने बताएका छन् ।

दशकौं लामो उच्च मुद्रास्फीति दर सन् २०२२ को अक्टोबरमा ८५ प्रतिशत पुगेको थियो र त्यसपछि स्थिर आरोहण सुरु हुनुअघि नै यो दर घटेको थियो ।

टर्कीको आधिकारिक वार्षिक मुद्रास्फीति दर डिसेम्बरमा ६४.७७ प्रतिशत सम्म पुगेको छ, जुन नोभेम्बरमा ६१.९८ प्रतिशत रहेको थियो ।

तर मासिक २.९३ प्रतिशतको वृद्धि दर विगत छ महिनामा सबैभन्दा कम हो ।

कोनोटो किसया इन्भेस्टमेन्ट हाउसका बजार विश्लेषक बार्टोस्ज साविकीले भन्नुभयो, "मुद्रास्फीतिको प्रवृत्तिमा केही सुधार आएको छ र पछिल्ला महिनाहरूमा मुद्रास्फीति दर स्थिर भएको छ ।"

क्यापिटल इकोनोमिक्सका लियाम पीचका अनुसार पछिल्लो तथ्याङ्कले केन्द्रीय बैंकलाई सामान्यतया सान्त्वना दिनेछ ।

उच्च ब्याज दरलाई 'सबै दुष्टहरूको आमा र पिता' भनेका एर्दोगानलाई विश्लेषकहरूले यसका लागि जिम्मेवार देखेका छन् ।

राष्ट्रपति एर्दोगानले सन् २०२१ मा 'नाम मात्रको स्वतन्त्र' केन्द्रीय बैङ्कलाई उधारो लागत घटाउन निर्देशन दिनुलाई विश्लेषकहरूले मुद्रास्फीतिको श्रृ लालाई बढाउने वर्तमान् समस्याको जड मानेका छन् । गत वर्षको मे महिनामा पुन : चुनाव जितेपछि आफ्नो पूरानो प्रतिवद्धतालाई उल्टाउँदै अर्थतनत्र सुधारका लागि अग्रसरता लिन उहाँले टर्कीका चर्चित अर्थविद् मेहमेट सिम्सेकलाई अर्थमन्त्रीको रूपमा र पूर्व वाल स्ट्रीटका कार्यकारी प्रमुख हाफिज गए एर्कानलाई केन्द्रीय बैंकको गभर्नरमा नियुक्त गर्नुभएको थियो ।

एर्दोआनको उच्च ऋण लागतको विगतको घृणालाई तोड्दै केन्द्रीय बैङ्कले महत्वपूर्ण ब्याज दरलाई ४२.५ प्रतिशतबाट ८.५ प्रतिशतमा झारेको छ ।

दुई दशकभन्दा बढी सत्तामा रहेपछि आर्थिक नीति उल्टाउने बृहत् सङ्केत एर्दोगानले नयाँ कार्यक्रमलाई समर्थन गर्नुभएको छ ।

# एडीबी र माल्दिभ्सबीच पाँच करोड पचास लाख अमेरिकी डलरको सम्झौतामा हस्ताक्षर

एएफपी

मनिला । एसियाली विकास बैङ्क (एडिबी) र माल्दिभ्सबीच माल्दिभ्समा नवीकरणीय ऊर्जा उत्पादन र वितरण विस्तारका लागि पाँच करोड पाँच लाख अमेरिकी डलरसम्मको ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतापछि माल्दिभ्सका लागि एडीबीका उपमहानिर्देशक सिन्डी माल्भिसिनीले भन्नुभयो, "यो परियोजना माल्दिभ्सको ऊर्जा सुरक्षा बढाउन र ऊर्जा क्षेत्रको दिगो रूपान्तरणलाई सहज तुल्याउन तयार गरिएको कार्यक्रम हो ।" माल्दिभ्सका अर्थमन्त्री मोहम्मद शफीकले भन्नुभयो, "विशेष गरी ऊर्जा, यातायात, पानी र शहरी पूर्वाधार र सार्वजनिक क्षेत्रको व्यवस्थापनको क्षेत्रमा बैङ्क माल्दिभ्समा 'महत्वपूर्ण विकास साझेदार' रहेको छ ।" शफीकले भन्नुभयो, "नवीकरणीय ऊर्जा क्षेत्रको विस्तार गर्ने हाम्रो यात्राप्रति बैङ्क र अन्य साझेदारको प्रतिबद्धता देखेर म पनि हर्षित छु ।"




कार्यक्रम अन्तर्गत समुद्रमा आधारित फ्लोटिङ सोलार प्यानल, सामुद्रिक ऊर्जा उपकरण, साना एअर टर्बाइन र फ्लो ब्याट्रीजस्ता उदीयमान प्रविधिहरू स्थापना गरिने एडीबीले जनाएको छ ।

एडिबीको सहयोगमा एसियाली विकास कोषबाट चार करोड १५ लाख डलर, साधारण पुँजीगत स्रोतबाट ८५ लाख डलर सहुलियतपूर्ण ऋण र जलवायु परिवर्तन कोषबाट पाँच लाख डलर अनुदान रहेको बैङ्कले जनाएको छ ।

# रुविना सर्वोत्कृष्ट खेलाडी



काठमाण्डु । नेपाली क्रिकेट टोलीकी पूर्वकप्तान रुविना क्षेत्री बेलबासे प्रधानमन्त्री कप महिला टि२० राष्ट्रिय प्रतियोगितामा सवोत्कृष्ट खेलाडी चुनिएकी छिन् । कोशीलाई फाइनल सम्म पुर्याउन रुविनाले सानदार अलराउन्ड प्रदर्शन गरेकी थिइन् । उनले यमाह १२५ सिसीको स्कुटर प्राप्त गर्नेछिन् ।

रुविनाले यस प्रतियोगितामा १० खेलमा ३ अर्धशतकसहित कुल ३ सय ४५ रन बनाइन् । उनले ५६ चौका र ३ छक्का प्रहार गरेकी थिइन् । रुविनाले बलिङमा ११ विकेट लिएकी थिइन् ।

रुविनाले कर्णालीविरुद्ध २५ रन बनाउनुको साथै १ विकेट लिएकी थिइन् । त्यस्तै बागमतीसँग २, मधेशसँग ५७, एपिएफ ४१, गण्डकीसँग ४, सुदूरपश्चिमविरुद्ध ५१, लुम्बिनीसँग ४४, एपिएफ २२ र सुदूरपश्चिमसँग क्वालिफायरमा ४४ रन बनाएकी थिइन् । बलिङमा लुम्बिनीविरुद्ध ४ र गण्डकीसँग ३ विकेट लिइन् । रुविनाले दुई प्लेयर अफ द म्याच अवार्ड जितेकी छिन् । फाइनलमा रुविनाले ५८ बलमा ७ चौका र १ छक्कासहित ६२ रन र एक विकेट लिएपनि जिताउन सकेकी थिइनन् ।

उदीयमान खेलाडी कोशी गण्डकी ज्योत्स्निका मरासिनीले प्राप्त गरिन् । उनले ५० हजार बराबरको क्रिकेट सामाग्री प्राप्त गर्नेछिन् । उनले ७ खेलमा ९१ रन बनाएकी थिइन् । जसमा कर्णालीविरुद्ध ५० रनको इनिङ खेलेकी थिइन् ।

प्रतियोगिता उत्कृष्ट बलर पुजा महतो चुनिन् । पुजाले ७ खेलमा १२ विकेट लिएकी थिइन् । उनले ५० हजार प्राप्त गर्नेछिन् । उनले ७ खेलमा २६.३ ओभरमा ९६ रन खर्चेर १२ विकेट लिएकी थिइन् ।

सुमन खतिवडा उत्कृष्ट ब्याटर चुनिन् । उनले ७ खेलमा २ सय १२ रन बनाएकी थिइन् । सुमन र पुजाले समान ५० हजार प्राप्त गर्नेछन् । फाइनलमा एपिएफले कोशीलाई ११ रनले हराउँदै उपाधि जितेको थियो ।

# केपी ओली कप फुटबल फागुनमा

काठमाण्डु । केपी ओली कप फुटबल प्रतियोगिता फागुनमा आयोजना हुने भएको छ।

राष्ट्रिय युवासंघ नेपालको आयोजनामा प्रतियोगिताको दोस्रो संस्करण फागुन ११ देखि २० गतेसम्म हुनेछ ।

पहिलो संस्करणको मछिन्द्र एफसीले सातदोबाटो युथ क्लबलाई सडनडेथमा हराएर उपाधि जितेको थियो ।

दोस्रो संस्करणको केपी ओली कपका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजक राष्ट्रिय युवा संघलाई मिति उपलब्ध गराएको युवासंघका प्रवक्ता निरोज पौडेल ले जानकारी गराएका छन्।

एन्फाले प्रतियोगितामा सहभागी हुने टिम तथा क्लबहरु एन्फा तथा जिल्ला फुटबल संघमा आधिकारिक रुपमा आबद्ध भएको हुनुपर्नेछ शर्त राखेको छ।

प्रतियोगिताको खेलहरु च्यासलस्थित मैदानमा हुने र फाइनल खेल दशरथ रंगशालमा खेलाइने आयोजकले जनाएको छ ।

प्रतियोगितामा सहभागिताको लागि खुल्ला आह्वान गरिने र त्यसपछि सहभागि टिमको छनोट गरिने पनि आयोजकले जनाएको छ।

नेपालका ए डिभिजन र विदेशी प्रतिष्ठित टिमहरुलाई प्रतियोगितामा सहभागी गराइने बताइएको छ ।

प्रतियोगिताको विजेताले ११ लाख र दोस्रो टोलीले ५ लाख रुपैयाँ पाउनेछ ।

प्रवक्ता पौडेलका अनुसार प्रतियोगिताको उत्कृष्ट खेलाडीले १ लाख तथा उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले समान हजार रुपैयाँ पाउने छन्। हरेक खेलको म्यान अफ दि म्याचले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# नेपाली क्रिकेटबाट ज्योतिको सन्न्यास



काठमाण्डु । नेपाली क्रिकेट टोलीकी ओपनर तथा विकेटकिपर ज्योति पाण्डेलो राष्ट्रिय र घरेलु दुबै क्रिकेटबाट सन्न्यास लिएकी छिन् । प्रधानमन्त्री कप महिला टि२० राष्ट्रिय प्रतियोगिता फाइनलमा कोशी प्रदेशलाई हराउँदै उपाधि जितेसँगै उनले सन्न्यास लिएकी हुन् ।

उनलाई उपाधि जितेपछि टियु क्रिकेट मैदानमा एपीएफको टोलीले गार्डअफ अर्नरको सम्मान पनि दिएको थियो । खेल उनले नेपाल र घरेलु दुबैबाट सन्न्यास लिएको जानकारी दिएकी छिन् ।

ज्योतिले नेपालबाट १७ महिला टि२० आई खेल खेलेकी छिन् ।

विराटनगरकी ज्योतिले सन् २०११ देखि लगातार एपिएफबाट खेल्दै आएकी थिइन् ।

ज्योतिले सन् २०१६ मा थाईल्यान्डमा भएको एसिसी वुमन्स एसिया कपमा पाकिस्तानविरुद्ध सिनियर डेब्यू गरेकी थिइन् । अन्तिम खेल २०२३ जुनमा मलेसियाविरुद्ध खेलिन् ।

# कोशीलाई हराउँदै एपीएफ च्याम्पियन

काठमाण्डु । नेपाल एपीएफ क्लबले प्रधानमन्त्री कप महिला टि२० राष्ट्रिय प्रतियोगिता फाइनलमा कोशी प्रदेशलाई ११ रनले हराउँदै उपाधि जितेको छ । विजेता एपीएफले पाँच र उपविजेता कोशीले तीन लाख प्राप्त गर्नेछन् ।



जितको लागि १ सय १५ रनको विजयी लक्ष्य पछ्याएको कोशी प्रदेशले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १ सय ३ रन बनायो । कोशीकी कप्तान रुविना क्षेत्री बेलबासेले ५८ बलमा ७ चौका र १ छक्कासहित सर्वाधिक ६२ रन बनाएपनि जितको लागि पर्याप्त हुन सकेन ।

अन्तिम ६ बलमा जितको लागि १६ रन चाहिँदा करुणा भण्डारीको पहिलो बलमा स्टम्पिङ आउट गरेपछि जितको सम्भावना टाढिएको थियो ।

ओपनर अप्सरी बेगम ८ रनमा रन आउट भइन् । दोस्रो विकेटका लागि रुविना र काजोलले ६० रनको साझेदारी गरेका थिए । काजोल १७ औं ओभरको पहिलो बलमा सीताको बलमा २२ रनमा बोल्ड आउट भएकी थिइन् । त्यो बोल्ड आउट खेलको टर्निङ प्वाइन्ट बन्यो । एपीएफको जितमा करुणा भण्डारी र सीता रानामगरले १-१ विकेट लिइन् ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको एपीएफले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय १४ रन बनाएको थियो । एपीएफकी इन्दु बर्माले ४७ बलमा ६ चौका र १ छक्कासहित सर्वाधिक ५३ रनको योगदान दिइन् । अप्सरी बेगमले अन्तिम ओभरमा ह्याट्रिक लिँदै कोशीलाई खेलमा फर्काएकी थिइन् । तर ब्याटिङ नचल्दा च्याम्पियन बन्न सकेन ।

अन्तिम ओभरको पहिलो बल इन्दु बर्मा नम्रता श्रेष्ठबाट प्वाइन्टमा क्याच आउट भइन् । दोस्रो बलमा नेरी स्टम्पिङ आउट भइन् । तेस्रो बलमा सोनु खड्कालाई बोल्ड गर्दै ह्याट्रिक लिइन् । यस प्रतियोगिता पहिलो ह्याट्रिक पनि थियो ।

मध्यगतिकी बलर एलिसा खडियाले चौथो ओभरको तेस्रो बलमा सीता रानामगरलाई १ रनमा बोल्ड आउट गरिन् । थोरै अघि बढेर ठूलो सर्ट खेल्ने धुनमा बोल्ड भएकी थिइन् ।

टियु एण्डबाट आएकी निशा शाहको १० औं ओभरको पहिलो बलमा ज्योति पाण्डे लङअनमा रुविना क्षेत्रीबाट २७ रनमा क्याच आउट भइन् । उनले ३० बलमा ३ चौका प्रहार गरिन् । रोमा थापा १४ र ममता चौधरी ३ रनमा आउट भइन् ।

कोशीकी अप्सरी बेगमले ४ ओभरमा २१ रन खर्चेर ३ विकेट लिइन् । एसिला खडियाले ४ ओभरमा १५ रन खर्चेर २ विकेट लिइन् । रुविना क्षेत्री र निशा शाहले १-१ विकेट लिइन् । लिग र क्वालिफायर दुबै खेलमा कोशी एपीएफसँग हारेको थियो ।

# होटल म्यानेजमेन्टमा विद्यार्थीको आकर्षण बढ्दै




**टुडे समाचारदाता**

नवलपुर । पछिल्लो समय 'होटल म्यानेजमेन्ट' विषयतर्फ विद्यार्थीको आकर्षण बढ्दै गएको छ । अध्ययन र उत्तीर्ण गर्न सहज तथा रोजगारीका अवसर धेरै हुने भएकाले होटल म्यानेजमेन्टतर्फ विद्यार्थीको आकर्षण बढ्न थालेको हो ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्टमा कक्षा ११ मा होटल म्यानेजमेन्ट (एचएम) अध्ययनरत गौरव गुरुङले अध्ययनपछि तुरुन्त रोजगार पाइने भएकाले यो विषय पढेको बताए । बाँकेको नेपालगञ्ज घर भएका गुरुङ होटल म्यानेजमेन्ट पढ्नकै लागि यहाँ आएको बताउछन् । होटल म्यानेजमेन्ट अध्ययनपछि स्वदेशमा रोजगार तथा विदेशमा पनि उच्च माग भएको आफूले बुझेको भन्दै गुरुङले स्वरोजगार हुन र जीवनोपयोगी शिक्षाका लागि समेत यो विषय पढेको बताए ।

नेपालको पूर्वी जिल्ला खोटाङबाट एचएम पढ्न यहाँ आउनुभएकी रोनिशा भुजेलले भान्छामा हुने सामान्य कामदेखि बोल्ने शैली, सरसफाइलगायत धेरै कुराको सिकाइ होटल म्यानेजमेन्टमा हुने गरेको बताए । "हामीले पढेको सिद्धान्तलाई व्यवहारमा लागू गर्दै अध्ययन गर्न रमाइलो हुने गरेको छ", उनले भने, "एचएम पढेपछि होटलमात्रै नभएर धेरै क्षेत्रमा रोजगारको अवसर खुल्ने भएर पढ्न सुरु गरेको हो । एचएमको पढाइले आफ्नो दैनिक जीवनमा समेत परिवर्तन ल्याएको उनले सुनाए ।

होटल म्यानेजमेन्टका प्रशिक्षक सरोज तामाङले अहिले देशमा भएका धेरैजसो होटल, रेस्टुरेन्टमा पढेर नभई गरेर सिकेका कामदारमात्रै भएको भन्दै त्यस्ता जनशक्तिसँग काम राम्रै गर्ने ज्ञान भए पनि होटल व्यवस्थापनको सैद्धान्तिक ज्ञान नहुने बताए । अन्तरराष्ट्रियस्तरका पाहुनालाईस्वागतगर्नसैद्धान्तिकसँगै व्यावहारिक ज्ञान आवश्यक पर्ने हुँदा आधुनिक र ठूला होटलले पढेकै जनशक्ति खोज्ने भएकाले पनि एचएम पढ्न विद्यार्थीको आकर्षण बढेको उनको भनाइ छ ।

"नेपालमै पनि नयाँनयाँ पर्यटकीय क्षेत्रको विकास, ठूला होटल रेस्टुरेन्टको स्थापना हुँदै जाँदा पढेका जनशक्तिको माग बढ्दो छ", उनले भने, "सानादेखि ठूला होटल, रेस्टुरेन्टमा होटल म्यानेजमेन्ट पढ्नेको ठूलो माग छ ।"

स्वेदशमै रोजगारबोहक धेरैजना विदेश जानका लागि पनि होटल म्यानेजमेन्ट पढ्न आकर्षित हुने गरेको तामाङले बताए । "खासगरी पश्चिमा मुलुकमा होटल म्यानेजमेन्ट पढेको जनशक्तिको माग धेरै रहेको छ", उनले भने, "यो विषय पढेपछि हस्पिटालिटीतर्फको भविष्य त एकातर्फ छ नै, साथै हवाई क्षेत्र, पर्यटकीय क्षेत्र, ट्राभल्स एण्ड टुर्स तथा एचएम पढाइ हुने कलेजमा विभागीय प्रमुख भएर काम गर्ने अवसर मिल्छ ।" पढेपछि राम्रो आम्दानीसमेत हुने भएकाले होटल म्यानेजमेन्ट पढ्न चाहने विद्यार्थीको संख्या बढेको उनले बताए ।

अक्सफोर्ड कलेजमा राष्ट्रिय परीक्षा बोर्डतर्फको व्यवस्थापन सङ्कायका विभागीय प्रमुख हरि थपलियाले कक्षा ११ मा होटल म्यानेजमेन्ट पढ्न आउने विद्यार्थीको संख्या बर्सेनि बढ्दै गएको बताए । "गत वर्ष हामीले होटल म्यानेजमेन्टको तीनवटा सेक्सनमात्रै अध्ययन गराएका थियौँ", उनले भने, "यस वर्ष कक्षा ११ मा होटल म्यानेजमेन्टको चारवटा सेक्सनमा विद्यार्थी अध्यापन गर्दै आएका छौँ ।" यहाँ माध्यमिक शिक्षा उत्तीर्ण गरेका विद्यार्थी काम र पढाइ दुवैका लागि विदेश जाने पनि भएका भन्दै उनले यो विषयमा पढेको कुरा खेर नजाने भएकाले विद्यार्थीको आकर्षण बढेको बताए ।

अरूको रोजगारी गर्न मन नहुनेले आफैँ होटल, रेस्टुरेन्ट खोलेर सञ्चालन गर्ने क्षमताको समेत विकास हुने हुँदा स्वरोजगार बन्ने र अरूलाई रोजगारी दिने अवसर पनि होटल म्यानेजमेन्ट पढ्ने विद्यार्थीमा हुने उनको भनाइ छ । "अन्य विषय पढेका विद्यार्थीले भन्दा छिटो अवसर पाइने भएकाले पनि एचएममा विद्यार्थीको आकर्षण बढ्दो छ", उनले भने । नेपालीमा आधुनिकीकरणको नक्कल गर्ने क्रम बढेसँगै होटल म्यानेजमेन्ट पढ्न चाहने बढ्नु पनि स्वाभाविक भएको थपलियाले बताए ।

होटल म्यानेजमेन्ट अध्ययन हुने अर्को शैक्षिक संस्था इडन गार्डेन माविका प्रिन्सिपल प्रेमहरि सुवेदीले होटल म्यानेजमेन्टतर्फ विद्यार्थीको आकर्षण बढेसँगै यो विषय पढाउने शैक्षिक संस्थासमेत बढेको बताए । नवलपुर र चितवनमा कक्षा ११ र १२ मा होटल म्यानेजमेन्ट पढाउने विद्यालयमात्रै नभएर स्नातक तहमा होटल म्यानेजमेन्ट पढाउने कलेजको संख्यासमेत बढ्दै गएको बताए ।

"नवलपुर र चितवनबाहेक अन्य छिमेकी जिल्लाबाट समेत हाम्रो विद्यालयमा एचएम पढ्नैका लागि विद्यार्थी आउने गरेका छन्", उनले भने, "यो शैक्षिक सत्रमा हामीले पनि एचएमका दुईवटा कक्षा सञ्चालन गरेका छौँ ।"

किताबमा पढेका सैद्धान्तिक विषयवस्तु विद्यार्थीले प्रयोगात्मकरूपमा गरेर अनुभव हासिल गर्न पाउने भएकाले पनि यो विषयमा विद्यार्थीको आकर्षण बढेको हुनसक्ने उनको भनाइ छ । स्तरीय होटल खुल्ने क्रम बढेको र त्यहाँ पढेको जनशक्तिको माग हुने भएकाले पनि एचएममा विद्यार्थीको आकर्षण बढेको उनको भनाइ छ ।

# लगानी सम्मेलन बैशाख तेस्रो साता हुने



**टुडे समाचारदाता**

काठमाण्डु । तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन आगामी वर्ष वैशाख १६ र १७ गते (अप्रिल २८ र २९) मा काठमाडौँमा आयोजना हुने भएको छ । यसअघि उक्त सम्मेलन वैशाख ९ र १० गते आयोजना हुने तय भएको थियो ।

सम्मेलनको संशोधित मिति तोक्न लागिएको लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत तथा लगानी सम्मेलन निर्देशक समितिका सदश्य सचिव सुशील भट्टले जानकारी दिए । लगानी सम्मेलन आयोजना गर्न गठित निर्देशक समितिको दोस्रो बैठक बुधबार अर्थ मन्त्रालयमा बस्दैछ । अर्थमन्त्री डा प्रकाशशरण महतको संयोजकत्वमा गठित निर्देशक समितिले सम्मेलनको कार्यतालिका र ढाँचा स्वीकृत गर्ने, लगानी वातावरण बनाउनका लागि आवश्यक नीतिगत सुधारका क्षेत्र पहिचान गर्ने तथा सम्मेलनको समग्र पक्ष हेर्ने जिम्मेवारी पाएको छ ।

परराष्ट्र, ऊर्जा, भौतिक पूर्वाधार, संस्कृति, पर्यटन, उद्योग, कृषि, सहरी, सङ्घीय मामिलालगायत विषयगत मन्त्रालयका मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्य सचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, अर्थ सचिव, उद्योग सचिव र निजी क्षेत्रका तीन छाता संस्थाका अध्यक्ष निर्देशक समितिमा रहेका छन् । निर्देशक समितिको पहिलो बैठक गत मङ्सिर १० गते बसेको थियो । उक्त बैठकले सम्मेलन अघि सम्भावित लगानीकर्तासँग द्विपक्षीय छलफल गरी वास्तविक लगानीकर्ता पहिचान गर्ने र आयोजनामा प्रस्ताव आह्वानदेखि लगानी स्वीकृतसम्मको प्रक्रियामा सरकारले सहजीकरण गर्ने गरी तयारी थाल्न निर्देशन दिएको थियो ।

लगानी सम्मेलनका लागि आवश्यक कानुनी तथा संरचनागत सुधार, लगानीकर्तालाई सम्मेलनबारे जानकारी दिने लगायतका काम कार्यान्वयन समिति र प्राविधिक समितिमार्फत् भइरहेको छ । लगानी सम्मेलनका लागि कुन आयोजना 'सोकेस' मा लैजाने भनेर छनोटको काम पनि अहिले चलिरहेको छ ।

मुख्यसचिव डा बैकुण्ठ अर्यालको संयोजकत्वमा गठित कार्यान्वयन समितिको अघिल्लो बैठकले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै लगानी सम्मेलनमा सोकेसमा लैजान सकिने सम्भाव्य आयोजनाको विवरण पठाउन निर्देश गरेको थियो ।

# किसानलाई याक वितरण



**टुडे समाचारदाता**

म्याग्दी । नश्ल सुधारका लागि मुस्ताङका किसानलाई याक वितरण गरिएको छ । गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गतको पशु तथा मत्स्य विकास निर्देशनालयले १० याक वितरण गरेको हो ।

सोलुखुम्बुको स्याङबोचेमा रहेको याक आनुवांशिक स्रोत केन्द्रबाट खरिद गरेर ल्याइएका याक मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले मङ्गलबार पोखरामा भएको कार्यक्रममा मुस्ताङका प्रदेशसभा सदस्य विकल शेरचन र नाम्दु गुरुङलाई हस्तान्तरण गरेका थिए ।

कृषि तथा भूमि व्यवस्थामन्त्री जिसीका निजी सचिव डिल्लीराम रेग्मीले सोलुखुम्बुबाट ल्याइएका १९ मध्ये नौ मनाङका किसान समूह र समितिलाई दिइने जानकारी दिए । "एकै ठाउँको याकबाट धेरै वर्ष प्रजनन क्रिया हुँदा हाडनाताको समस्या हुने भएकाले सोलुखुम्बुबाट ल्याएर चौँरीपालक किसान, समूह र सहकारीलाई वितरण गरिएको हो", उनले भने, "नश्ल सुधार भई चौँरीपालक किसानलाई लाभ पुग्ने अपेक्षा गरेका छौँ ।"

मुख्यमन्त्री पाण्डेले उन्नत जातको याकबाट नश्ल सुधारमा मद्दत पुग्ने र हिमाली क्षेत्रका किसानलाई फाइदा हुने बताए । गण्डकी प्रदेशको मुस्ताङ र मनाङमा व्यावसायिक चौँरीपालन हुने गरेको छ । म्याग्दी र कास्कीको लेकाली क्षेत्रमा पनि चौँरीपालन गरिएको छ ।

यातायात सुविधा नभएको ठाउँमा याकलाई भारी बोकाउन र मासुका लागि प्रयोग गरिन्छ । चौँरीको दूध, घिउ र छुर्पी बिक्री हुन्छ । याक चौँरीको आलो रगत निकालेरसमेत बिक्री गरिन्छ । मुस्ताङ र म्याग्दीमा साउन र चैतमा चौँरीको रगत पिउने मेला लाग्छ । धार्मिक कार्यमा प्रयोग हुने याकचौँरीको पुच्छर महँगो मूल्यमा बिक्री हुन्छ ।

मुस्ताङमा झण्डै चार हजार याकचौँरी रहेको हिमालयन चौरीपालन तथा संरक्षण समितिले जनाएको छ । थासाङ गाउँपालिकामा २२ घरधुरीले व्यावसायिकरूपमा एक हजार पाँच सयभन्दा बढी याकचौँरी पालेका छन् ।

घरपझोङ गाउँपालिकाको मार्फा, स्याङ र जोमसोम गरी आठ घरधुरीले करिब पाँच सय याकचौँरी पालेका छन् । बर्खामा हिमालको फेदी र लेकाली क्षेत्रमा लगिएका याकचौँरीको गोठ चिसो याममा बेँसी झारिएको छ ।

# परम्परामात्र बन्दै घुम्ती गोठ

**टुडे समाचारदाता**

गलेश्वर । म्याग्दीका लेकाली क्षेत्रका किसानले घुम्ती गोठलाई आयआर्जनको साधन बनाउन नसक्दा परम्परागतरूपमा मात्र सञ्चालन हुँदै आएका छन् ।

यहाँका किसानले घुम्ती गोठका पशुचौपायालाई अझैसम्म पनि आयआर्जनको माध्यम बनाउन सकेका छैनन् । युवापुस्ता वैदेशिक रोजगारीमा आकर्षित हुनु र पाको पुस्ताले घुम्ती गोठलाई आधुनिकीकरण गरी व्यावसायिक प्रयोजनका रूपमा विकास गर्न नसक्नुले घुम्ती गोठ केवल परम्परा धान्ने र दिन कटाउने माध्यममात्रै बन्दै गएका छन् ।

म्याग्दीका धवलागिरि, मालिका र रघुगङ्गा गाउँपालिकाका गाउँमा घुम्ती गोठ राख्ने प्रचलन छ । यहाँका किसानले खेतबारीलाई मलिलो बनाउन र बाँझो पाखाको घाँस खुवाउनमात्र घुम्ती गोठ राख्ने गरेको धवलागिरि-३ का लोकबहादुर विकले बताए ।

गाउँपालिकाले खेतीपातीसँगै घुम्ती गोठलाई आर्यआर्जनको माध्यम बनाउन विभिन्न कार्यक्रम ल्याएको भए पनि किसानकै उदासिनताका कारण कार्यक्रम लाभदायी हुन नसकेको उनले बताए । पछिल्लो समय भेडागोठ आयस्रोतको माध्यम बनेको छ भने अन्य गाईभैँसीपालन गर्ने किसानले आयस्रोतका रूपमा विकास गर्न नसकेको उनको भनाइ छ ।



बाँझो जमिनलाई स्थानीयले गाईभैँसी, गोरु र बाख्रा पाल्ने अस्थायी गोठका रूपमा प्रयोग गरेका छन् । बाजेहरूले गर्दै आएको परम्परागत घुम्ती गोठले खेती टाढा भएको जग्गामा अस्थायी टहरा बनाएर खेतीका लागि जग्गा मलिलो बनाउन घाँस खुवाउने प्रचलनमा सीमित रहेको धवलागिरि-१ गुर्जाका वडाध्यक्ष झक छन्त्यालले बताए ।

टाढा खेती भएको जग्गामा मल बनाउन र वरिपरि बाँझो रहेको जग्गाको घाँस खुवाउन घुम्ती गोठ कायम रहेको वडाध्यक्ष छन्त्यालले जानकारी दिए । घुम्ती गोठ धवलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ, मुना, मुदी, मराङ र मल्कवाङमा रहेका छन् ।

त्यस्तै रघुगङ्गाको चिमखोला कुइनमङ्गले र अन्नपूर्णको शिख, पाउद्वार र दोबामा भेडा तथा गाईभैँसीको घुम्ती गोठ कायम छन् । पछिल्लो समय गाउँगाउँमा सडक र वैदेशिक रोजगारीले खेती तथा पुशपालनका घुम्ती गोठ कम हुँदै गएका छन् ।

जनतालाई विकास र आयआर्जनसँग जोड्ने काम जनप्रतिनिधिको भए पनि युवापुस्तालाई कृषि तथा पशुपालनतर्फ रुचि नभएका कारण परम्परागत पेसालाई व्यावसायिक बनाउन नसकिएको जनप्रतिनिधिले बताएका छन् । "युवाहरू वैदेशिक रोजगारका लागि मरिहत्ते गर्छन्, पुरानो पुस्ताले आफ्नै रैथाने तरिका परिवर्तन गर्न चाहँदैनन्", धवलागिरि-३ मुनाका पुर्म पुनले भने । वडाध्यक्ष पुनका अनुसार उन्नत तरिकाको खेती, व्यावसायिक पशुपालन र आयआर्जनमूलक कार्यक्रममार्फत गाउँको विकास गर्न सकिने प्रशस्तै सम्भावना यहाँ रहेका छन् । यहाँका बासिन्दा खाली जग्गालाई घुम्ती गोठका रूपमा बाहेक अरु कुरामा प्रयोग गर्न मान्दैनन् ।

कृषि र पशुपालनमा प्रशस्तै सम्भावना भएको यस ठाउँबाट स्थानीयले लाभ लिन नसकेको वडाध्यक्ष पुनको भनाइ छ । घुम्ती गोठलाई व्यवस्थित बनाइ त्यहाँ व्यावसायिक कृषि गर्ने सोच भए पनि स्थानीयको बेवास्ताका कारण त्यसो गर्न नसकिएको उनको भनाइ छ । "गाउँपालिका र वडाले पैसा दिन्छ, अलि फरक तरिकाले पशुपालन गरौँभन्दा पनि मान्नुहुन्न", वडाध्यक्ष पुनले भने ।

उनका अनुसार यहाँका बासिन्दाको आम्दानीको मुख्य स्रोत भनेकै वैदेशिक रोजगार हो । विदेशबाट आउने रेमिट्यान्सले नै यहाँको दैनिकी धानिएको छ । चिसो बढेसँगै मुना, लुलाङ र गुर्जाका किसानले घुम्ती गोठ बेँसी झार्ने गर्दछन् । गर्मी बढेसँगै माथि लैजाने चलन कायम रहेको छ ।

धवलागिरि गाउँपालिका क्षेत्रमा भेडापालनको प्रचुर सम्भावना रहेकाले आफूले पनि यस पेसालाई अँगालेको धवलागिरि-५ का देवान छन्त्याल बताउछन् । पछिल्लो समय यस क्षेत्रमा रहेका परम्परागत गोठ बिस्तारै घट्दै गएको, युवाहरूको आकर्षण नबढेको र पुराना गोठ पनि बिक्री गर्ने प्रचलन बढेकाले भेडापालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय सरकार र सम्बद्ध निकायको ध्यान जान जरुरी रहेको उनको भनाइ छ ।

बेँसीबाट धवलागिरिको आधार शिविरसम्म नै भेडीगोठ सारिरहने प्रचलन छ । गोठको सुरक्षाका लागि भोटेकुकुर पहिलो रोजाइमा पर्छ । चार पुस्तादेखि व्यावसायिकरूपमा भेडाबाख्रा पाल्दै आएका रघुगङ्गा-२ साझपानीका नन्दबहादुर भण्डारीको भेडीगोठको इतिहास एक सय सात वर्षको रहेको छ । उनले जाडो समयमा बेँसी र गर्मी समयमा धवलागिरि, अन्नपूर्ण र निलगिरि हिमालको काखमा भेडाको बथान पुर्याउने गर्छन् ।

अन्य आम्दानीको आधार नभएपछि परिवारको खर्च जुटाउन घुम्ती गोठ राखेर भेडापालन गरेको उनको भनाइ छ । उनले पशुलाई आहाराको कमी हुन नदिन चिसोको समयमा घुम्ती गोठ बेँसी झार्नुहुन्छ भने गर्मीको समयमा लेकतर्फ उकाल्ने गरेको बताए ।

लामो सयमदेखि खोप्रालेकको आसपासमा बाल्यकालदेखि नै भेडा-बाख्रापालन गरेका ६५ वर्षीय तुलबहादुर तिलिजाको गोठमा दुई सय ७० भेडाबाख्रा छन् । विस्थापित भएर अन्य पेसा तत्काल गर्न नसक्ने अवस्थामा हुँदा भेडापालन गरिरहेको उनले बताए ।

# इलाममा व्यावसायिक मौरीपालन


**टुडे समाचारदाता**

इलाम । इलामको रोङ गाउँपालिकामा गुणस्तरीय र व्यावसायिक मह उत्पादनको अभियान चलिरहेको छ । सधैँ र सबै ठाउँमा किन्न पाइँदैन 'रोङ मह' भन्ने नारालाई सार्थक बनाउन पालिकाले विभिन्न प्रयास गरिरहेको छ ।

रोङ वडा नं ६ का दावा स्याङ्बोले एक सय ५० घारमा मौरीपालन गरेका छन् । करिब ४० वटाका दरले पाँचवटा छुट्टाछुट्टै स्थानमा घार व्यवस्थापन गरेका उनले २०७६ सालबाट आधुनिक मौरीपालन गर्दै आएको बताए । "मौरीलाई स्याहारका लागि खटिरहनु पर्दैन, उत्पादनको पाँच प्रतिशतमात्र घारका लागि खर्च गरियो भने मौरी फस्टाउँछ," उनले भने । मह बिक्री गर्न समस्या छैन । व्यापारी घरमै आइपुग्छन् । घरबाट नै प्रतिकिलो रु एक हजार पाँच सयका दरले मह बिक्री हुँदै आएको उनले बताए । उनले वार्षिक दुई सय ५० किलोसम्म मह उत्पादन गर्दै आएका छन् ।

अर्का मौरीपालक किसान प्रेमबहादुर राईले वार्षिक करिब एक सय किलो मह उत्पादन गर्छन् । तीस आधुनिक घारमा मौरीपालन पाल्नुभएका राई व्यावसायिक महबाटै आत्मनिर्भर भएको बताउछन् । मह उत्पादनमा गाउँपालिकानै लागि परेपछि स्थानीयल यस व्यवसायतर्फ आकर्षित भएका हुन् । मौरीपालनलाई गाउँपालिकाको पहिचानका रुपमा स्थापित गर्न कार्यक्रम नै अगाडि बढाएको गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बो (सुवास)ले बताए ।

सुरुमा मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि रु ११ लाख छुट्याए पालिकाले दोस्रो वर्ष २० लाख बजेट छुट्याएको थियो । उक्त बजेटमा किसानले आधुनिक मौरीपालनको सीप सिक्ने, अनुदानमा घार प्राप्त गर्ने अवसर पाएको बताइएको छ । यसैबीच गुणस्तरीय मह उत्पादन गरेर महको आफ्नै 'ब्रान्ड' बनाउने गरी योजना ल्याएको




गाउँपालिकाले मह उत्पादन गर्ने किसानको पालिकास्तरीय समिति गठन गरेको छ ।

सबै वडाका मौरीपालक किसानको भेलाले केशवप्रसाद लुइँटेलको संयोजकत्वमा पालिकास्तरीय मौरीपालक कृषि सञ्जाल समिति गठन गरेको छ । नौ सदस्यीय समितिको सदस्य-सचिवमा रोङ गाउँपालिका कृषि शाखाका तीर्थराज देवकोटा छन् । सदस्यहरूमा लीलानाथ भण्डारी, मानसिंह तामाङ, दुर्गा तिम्सिना र दाबा स्याङ्बोलगायत रहेको नवगठित समितिका संयोजक लुइँटेलले बताए ।

गाउँपालिका अध्यक्ष स्याङ्बो र उपाध्यक्ष विष्णुमाया भुजेलको उपस्थितिमा तदर्थ समिति गठन गरिएको जनाउँदै संयोजक लुइँटेलले यसअघि पालिकाका सबै वडामा मौरीपालक किसानको वडास्तरीय सञ्जालसमेत गठन भइसकेको बताए । वडा १ को संयोजकमा टीका नेचाली राई, वडा २ को संयोजक लीलाधर भण्डारी, ३ मा गीता अर्याल, ४ मा मानसिंह तामाङलगायत रहेका छन् ।

चालु आर्थिक वर्षमा व्यावसायिक मौरीपालनका लागि पालिकाले रु ५० लाख रकम विनियोजन गरेको छ । गाउँपालिकाले मौरी विकास केन्द्र नै स्थापना गरेर मौरीपालनको विकासमा लागेको अध्यक्ष स्याङ्बोले जानकारी दिए ।

पर्यावरणीय सन्तुलन कायम गर्न मौरीले राम्रो भूमिका निर्वाह गर्दछ । यसको परागसेचनले तरकारीबाली फल्नसमेत मद्दत गर्ने भएकाले पनि मौरी जोगाउन लगानी गरेको गाउँपालिका उपाध्यक्ष भुजेलको भनाइ छ । मौरी विकास केन्द्रबाट मह तथा मौरीका घार साथै मौरीसमेत बिक्री वितरण गर्ने र आम्दानीको स्रोत बढाउने उद्देश्य गाउँपालिकाले लिएको उपाध्यक्ष भुजेलले बताए ।

नेपाल आयल निगम लिमिटेड
हवाई ईन्धन रिफ्युलिङ्ग स्टेशन जनकपुर
घर भाडा लिने बारेको सूचना
प्रथम पटक प्रकाशित मिति : २०८०।०९।१९

निगमको हवाई ईन्धन रिफ्यूलिङ्ग स्टेशन जनकपुर कार्यालयको लागि जनकपुर उपमहानगरपालिका अन्तर्गत एयरपोर्छ नजिक सडक खण्डबाट ५००-१००० मिटर भित्र कम्तिमा २ कोठा, किचेन, ट्वाइलेट, हल भएको ४ फ्लायट घर भाडामा लिने आवश्यक भएकोले जिल्ला रेन्ट घर कमिटीले निर्धारण गरेको दर रेटमा घर भाडामा दिने इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक सम्पूर्ण कागजातको प्रतिलिपी तथा के-कति भाडा दरमा दिन सक्ने हो । सो खुलाई रु. १०।- को टिकट टाँसि खामबन्दि गरी रितपुर्वकको दरखास्त यस कार्यालयमा पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क मोबाइल नं. ९८४९९४१४७०/९८१८५७७६९७



जानकी मन्दिर र जनकपुरधामवासीद्वारा बिहीबार भारतको अयोध्या लगिने भारका लागि उत्साहपूर्ण वातवरण बनाउन अब हाम्रो दायित्व उत्तराधिकारी महन्त रामरोशन दास वैष्णव। *तस्बिर : टुडे*

# तलब माग गर्दै नगरपालिका अगाडि शिक्षक-कर्मचारीको धर्ना

**टुडे समाचारदाता**

गौर । रौतहटको फतुवा विजयपुर नगरपालिकामा कार्यरत शिक्षक-कर्मचारी तलबको माग गर्दै बुधबारदेखि धर्नामा बसेका छन्। जनप्रतिनिधिबिच आपसी विवादका कारण गत साउनदेखि तलब पाउन नसकेका शिक्षक-कर्मचारीले नगरपालिका कार्यालय अगाडि धर्ना सुरु गरेका छन्।

नगरक्षेत्र अन्तर्गतका प्रत्येक माविबाट ३ जना, निमाविबाट २ जना, प्राविबाट १ जना गरी पालैपालो धर्ना सुरु भएको छ। समस्या समाधान नभएसम्म पहिलो चरणको आन्दोलन स्वरूप दैनिक बिहान ११ बजेदेखि ४ बजेसम्म धर्ना जारिरहने दुधिअवाका शिक्षक रञ्जन खरेलले बताए।

फतुवा विजयपुर नगरपालिकामा जनप्रतिनिधिबिचको विवाद चरम उत्कर्षमा पुगेको छ। तत्कालीन मेयर गोपाल राय यादव निलम्बित भएसँगै कार्यवाहक मेयर खातुन र अन्य जनप्रतिनिधिबिच विवाद उत्पन्न भएको छ। विवादकै कारण नगरसभा हुन नसकेकाले शिक्षक-कर्मचारीले तलब पाउन सकेका छैनन्।



मन्त्रालयको निर्देशनमा फतुवामा केही समय अघि प्रमुख प्रशासकीय अधिकृतको रूपमा आएका उपसचिव सुरेन्द्र प्रधान र मेयर खातुनको प्रयासमा अघिल्लो महिना सामाजिक सुरक्षा भत्ता वितरण गरिएको थियो। मेयर खातुनको निर्देशनमा नगरसभाको लागि पटकपटक बैठक बोलाउँदा कांग्रेसका वडा अध्यक्षहरुसँगै कार्यपालिका बोर्डका सदस्य जनप्रतिनिधिहरु विभिन्न आरोप लगाउँदै बैठकमा उपस्थित भएका छैनन्।

नगरभित्रका शिक्षक लगायत ३५० को हाराहारीमा कर्मचारीले तलब पाउन सकेका छैनन्। कार्यपालिका बोर्ड बैठक बसेर नगरसभाको दिन तोक्न तीन पटक लिखित सूचना पठाउँदा मेयरबाहेक कांग्रेस समर्थित जनप्रतिनिधि वडा अध्यक्षहरुले पत्र नै नबुझेकोले अन्योल बनेको प्रमुख प्रशासकीय अधिकृत प्रधानले गुनासो गरे।

वडा अध्यक्षहरुको बखेडा तथा अवरोधका कारण नगरपालिकाको कामकाज प्रभावित भइरहेको कार्यवाहक मेयर अम्बेया खातुनले बताइन्। कांग्रेस पार्टीका वडा अध्यक्ष राजेश यादवले कार्यवाहक मेयर कांग्रेस पार्टीकै भए पनि स्वेच्छाचारी ढंगले अघि बढ्न खोजेकाले विरोध गर्नुपरेको बताए। पार्टीभित्र आएर आत्मालोचना गरे आफूहरु बैठकमा सहभागी हुने उनको भनाइ छ।

# जनावरबाट बालीनाली जोगाउन रातभर जाग्राम

**टुडे समाचारदाता**

वीरगञ्ज । जङ्गली जनावरबाट बालीनाली जोगाउन पर्साको उत्तर-पश्चिम क्षेत्रका स्थानीय रातभर जाग्राम बस्ने गरेका छन्। पर्सा राष्ट्रिय निकुञ्ज तथा अन्य वन जङ्गलबाट आउने जनावरले दिनहुँ गहुँबाली तथा तरकारी नष्ट गर्न थालेपछि उनीहरु बालीनाली जोगाउन राति जाग्राम बस्न बाध्य भएका छन्।

**पर्सा राष्ट्रिय निकुञ्ज तथा अन्य वन जङ्गलबाट आउने जनावरले दिनहुँ गहुँबाली तथा तरकारी नष्ट गर्न थालेपछि उनीहरु बालीनाली जोगाउन राति जाग्राम बस्न बाध्य भएका छन्।**

पर्साको जिराभवानी गाउँपालिका, ठोरी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका र सखुवा प्रसौनी गाउँपालिकाका विभिन्न गाउँका किसान जङ्गली जनावरबाट पीडित भएका छन्।

वनजङ्गलबाट आउने चित्तल, हात्ती, हरिण, निलगाई, बँदेल, बाँदर, भालुलगायतका जङ्गली जनावरले गहुँ, मकै, आलु, तोरीलगायतका बाली सखाप पार्ने गरेकाले जोगाउनका लागि जाग्राम बस्न बाध्य भएको ठोरीका रञ्जित श्रेष्ठले बताए। राष्ट्रिय वनमा घेरवार नहुँदा दिनहुँ जङ्गली जनावरले बालीनली नष्ट गर्ने गरेको उनको भनाइ छ।

जङ्गली जनावरबाट बालीनाली जोगाउन मचान बनाएर राति निगरानी गर्दैआएको जिराभवानीका शङ्कर महतो बताउछन्। रातिको समयमा आउने हात्तीलाई धपाउन किसानले पटाका पड्काउने, टिन ठटाउने र होहल्ला गर्ने गरेको उनले बताए।

बर्सेनि जङ्गली जनावरले बालीनालीमा क्षति पुर्‍याउने गरे पनि आफूहरूको समस्या समाधानका लागि स्थानीय सरकार, डिभिजन वन कार्यालयले कुनै सुनुवाइ नगरेको किसानको गुनासो छ।

डिभिजन वन कार्यालय पर्साका प्रमुख सुभाषचन्द्र दासले वनजङ्गल आसपास क्षेत्रमा जङ्गली जनावरले आतङ्क मच्चाउँदै आएकाले समस्या समाधानका लागि पहल गरिरहेको बताउनुभयो।

बजेट तथा आवश्यक कानुन अभावका कारण समग्र जङ्गल क्षेत्रमा घेरबार गर्न नसकिएपछि जङ्गली जनावरले बढी क्षति पुर्‍याउने क्षेत्रमा ठूलो खाल्डो खनेर तत्कालीन समस्या समाधान गर्न सकिने उहाँको भनाइ छ।

# अख्तियार सामु जनप्रतिनिधिको रोदन

**टुडे समाचारदाता**

जनकपुरधाम । भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी आयोजित एक कार्यक्रममा जनप्रतिनिधिहरुले आफ्ना अधिकारका लागि पहल गरिदिन भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गुहारेका छन्।

जनकपुरधाममा बुधबार आयोजित प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि आयोगले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी भएका उपप्रमुखहरुले प्रमुखले दिने गरेको पीडा र व्यवहारका कारण आफूहरु लाचार भएको बताए।

धनुषाको मिथिलाविहारी नगरपालिकाकी उपप्रमुख शोभादेवी साहले नगरप्रमुख राजेन्द्रप्रसाद यादवका कारण आफ्नो अधिकार हनन् भएको बताइन्। उपप्रमुख साहले नगरप्रमुखले न्यायिक समिति गठन, अनुगनको कार्यदेखि आफ्नो अधिकारसहितका क्षेत्रमा बाधा अवरोध खडा गर्दै आफ्नो अधिकार कुण्ठित गर्न कुनै कसर बाँकी नराखेको गुनासो गरिन्।

उनले भनिन्, 'न्यायिक समिति सञ्चालन हुनका लागि कार्यविधि चाहिन्छ, तर सो कार्यविधि नगरप्रमुखले अहिलेसम्म बन्न दिएका छैनन्। उपप्रमुखको काम नगर विकासलगायतका कामकारवाही गर्ने अधिकार हुँदासमेत मलाई नै बेवास्ता गर्दै नगरप्रमुखले कार्यालय प्रमुखदेखि सबैलाई मिलाएर पालिकाको कार्यालय नै आफ्नो कब्जामा लिई मेरो अधिकार हनन गरेको छ। मैले चढ्ने गाडीसमेत मलाई चढ्न नदिइ गाडी नै बिक्री गर्ने योजनामा छन्। अनुगमनको अधिकार कटौती गर्नुको कारण नगरप्रमुखले ठेकेदारहरुसँग मोटो कमिसनका लागि मेरो क्षेत्राधिकार हनन् गर्दै मलाई निर्णायक तहमा समेत बेवास्ता गर्दै आएको छ।'

मेरो सेवासुविधामा समेत बन्देज लगाएर मलाई घेराबन्दीमा पारेको उनले आरोप लगाइन्। त्यस्तै कमला नगरपालिकाकी नगर उपप्रमुख शिलादेवी मण्डलले सरकारले गाउँगाउँमा सिंहदरबार भनेर प्रत्येक स्थानीय तहमा पठाएको सिंहदरबारको नाउँमा सिंह मात्रै आएको बताउँदै उनले स्थानीय तहमा आएको सिंहले गाउँघरमा विकास र सुशासनको नाममा डराउने तर्साउने काम मात्र भएको बताइन्। नगर उपप्रमुख मण्डलले भनिन्, 'सिंहदरबारको नाममा पठाइएको सिंहदरबार काठमाण्डुमै रहेको र यहाँ सिंह मात्रै आएर सर्वसाधारणदेखि उपप्रमुख र सदस्यहरुलाई डराउने तर्साउने र धम्काउने गरेको छ।'

उनले स्थानीय तहलाई समावेशी बनाउने नाममा कार्यालयमा आफू मात्रै एक महिला दर्जन भन्दा बढी पुरुषहरुको बीचमा बस्नु पर्दा निकै कठिनाई भोग्नु परिरहेको बताइन्।

त्यस्तै मिथिला नगरपालिकाकी सुनिता सिंह बुढाथोकीले कानुनमा नगर उपप्रमुखलाई दिइएको अधिकार नगरप्रमुखले खोस्दा पनि आफूहरुले केही गर्न नसकेको बताइन्। उनले आफ्नो अधिकारका लागि कहाँ गुनासो गर्ने भन्ने निकाय पनि नरहेको गुनासो गरिन्। तर, धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साहको पीडा भने बेग्लै छ। वर्षदिन नवित्दै तीन भन्दा बढी हाकिम फेरबदल हुँदा कार्यालयको कामका लागि निकै सास्ती भोग्नु परेको बताए। उनले सुरुमा नयाँ हाकिम आउँदा कामकारवाही गरे जस्तोदेखिए पनि केही समय नवित्दै सरुवा हुने वा काम गर्न नचाहने प्रवृत्तिले धनौजीको विकास निर्माणलगायत कार्यालय संचालनमा समेत समस्या र विभिन्न चुनौती आउने गरेको गुनासो गरे।

उनले तीन/चार महिना नबित्दै हाकिमहरु आफै सहि छाप मिलाएर सरुवा भएको भन्दै रवाना लिइ जानकारी नगराउने प्रवृत्तिले आफू सास्ती खेप्नु परेको गुनासो गरे।

उनले कर्मचारीले सही ढंगले काम नगर्दा जनप्रतिनिधिलाई पालिका चलाउन निकै समस्या आउने गरेकाले विकास निर्माणलगायतका कामकारबाहीमा अध्यक्षको पनि हस्ताक्षर अनिवार्यरुपमा राख्नु पर्ने आवश्यकता रहेको औल्याए।

तर अख्तियार दुरुपयोग अनुसंधान आयोगका प्रमुख आयुक्त प्रेम कुमार राईले स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षले कानुनमा उल्लेख भए अनुसारको अधिकार र काम कर्तव्यका लागि खोसेर भए पनि लिनुपर्ने बताए।

उनले जनताबाट निर्वाचित भएर गएपछि आफ्नो अधिकारको रक्षा र जनताको कामकारबाहीका लागि आफै अग्रसर हुनुपर्ने हुनाले आफ्नो अधिकारका लागि आफै अघि बढ्नुपर्ने बताए।

त्यस्तै मधेश प्रदेश सरकारका प्रमुख सचिव दिनेश कुमार घिमिरेले कर्मचारीले जनप्रतिधिलाई कानुन अनुसारको कामकाजमा सहयोग र समन्वय गर्न निर्देशन दिए। उनले कानुनको पालना गरेमा सबैले आ-आफ्नो अधिकारको सदुपयोग गर्न पाउने र सुशासनका लागि ठोस पहलकदमीसँगै प्रदेशमा भ्रष्टाचार नियन्त्रण हुँदै जाने र सुशासन समेत देखिने बताए।

## भ्रष्टाचारमुक्त प्रदेश बनाउने : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशलाई भ्रष्टाचारमुक्त बनाउन प्रतिवद्ध रहेको बताएका छन्।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा बुधबार जनकपुरधाममा आयोजित भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा उनले आफूले शपथ लिएसंगै प्रदेशलाई भ्रष्टाचारमुक्त बनाउने प्रतिवद्धता व्यक्त गरेको स्मरण गराए।

अनियमितताबारे कुनै अनुसन्धान गर्ने बेलामा हाम्रो सय प्रतिशत सहयोग रहनेछ, उनले भने। उनले भने-'कुनै कुनै ठाउँमा गडबडी पनि भएको होला, छानबीन गरेर कारवाही गर्छौं। आगामी आर्थिक बर्षमा स-साना योजना र उपभोक्ता समितिमार्फत योजना संचालन नगरिने जानकारीसमेत उनले दिए।

आयोगका प्रमुख आयुक्त प्रेम कुमार राईले सामूहिक रुपमै सुशासन क़ायम हुनसक्ने बताउँदै सुशासनको पहिलो बिगुल संघ, प्रदेश र स्थानीय सरकारले फुक्नुपर्ने आवश्यकतामा जोड दिए।

उपमेयरहरुको समस्याको सन्दर्भमा उनले भने-'अधिकारको व्यवस्था ऐनमै छ, लडेर लिनुपर्छ।' उपभोक्ता समितिमा ठूलो विकृति आएको चर्चा गर्दै उपभोक्ता समिति बिचौलियाका रुपमा देखिएको तिक्तता पनि राईले पोखेका थिए।

घर बनाउने, ढलान गर्ने, पुल बनाउनेजस्ता काम कुन क्षमताका अनुसार उपभोक्ता समितिलाई दिइएको हो सोचिनुपर्दछ, उनले भने।

प्रमुख आयुक्त राईले नीतिगत निर्णय सम्पूर्ण समुदायलाई समेटने खालको हुनुपर्ने बताउंदै यसलाई परिभाषित गर्न पनि संघ सरकारलाई भनेको स्पष्ट पारे।

कानुनको ज्ञान ब्यूरोक्रेट्सलाई हुने गरेको र ब्युरोक्रेटले पनि नेताहरुलाई उकास्ने गरेको प्रवृत्तिप्रति उनले कटाक्ष गरे। प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले अख्तियारका बर्दिबास प्रमुख रामबहादुर कुरुम्वांग तथा अख्तियारकै सहसचिव लक्ष्मी प्रसाद उपाध्यायले भ्रष्टाचार नियन्त्रण तथा सुशासनबारे कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रदेशका मन्त्रीहरु, स्थानीय निकायका प्रमुख, उपप्रमुख, सरकारी कर्मचारी लगायतको उपस्थिति रहेको थियो।

# तिलासंक्रान्ति पर्वको जोहोमा जुट्दै मैथिल

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिलाबासी तिलासंक्रान्ति पर्वको तयारीमा जुटेका छन्। अहिले घरघरमै तिल चुट्ने, निफन्ने र आफूलाई चाहिने राखेर बाँकी बजार लैजाने चटारो छ। त्यसैगरी चिउरा र मुरी (विशेष विधिले बनाइएको चामल भुटेर बनाइने भुजा)का लागि धान भिजाउने, चामल कुट्ने, निफन्ने चटारो घरघरै देखिन्छ। त्यसैगरी पर्वकै लागि उखु किसान उखु पेलेर मिठ्ठा (सख्खर) बनाउन तल्लीन देखिन्छन्। पर्वअघि मिठ्ठाले राम्रो भाउ पाउने किसानको आश छ।

पर्व नजिकिएसँगै गरिब किसानको व्यस्तता झनै बढ्छ। पर्व विशेषमा आफ्ना उत्पादित फसलले राम्रो मूल्य पाउने आशमा गरिब किसानको व्यस्तता बढ्ने गरेको छ। यसपालि अब १०/११ दिनपछि आउने यो पर्वका लागि मिथिलाका सबैजसो हटिया (साप्ताहिक बजार) पर्व विशेषका सामग्रीले जम्न थालेका देखिन्छन्।

तिलासंक्रान्ति पर्व यहाँका किसानका लागि नगद आर्जनको अवसर बन्ने गर्छ। पुसको ठिही (चिसो) खप्दै उखु पेलेर बनाइएको मिठ्ठा, पाखोबारीमा लगाइएको तिल, कन्दमूल (तरुल, सुठुनी, पिँडालु) र मासको दालले राम्रो मूल्य पाएपछि किसानलाई यो पर्व नगद आर्जनको अवसर बनेको छ।

त्यसैगरी धान किनेर मुरी (भुजा) र चिउराको व्यापार गर्ने साना व्यापारी पनि आर्जन हुने आशामा छन्। तिलको बजार जमिसकेको छ भने सख्खर, चिउरा र मुरीलगायतको बजार एक-दुई दिनपछि जम्न थाल्ने जनकपुरधाम-७ पेठिया बजारमा किराना पसल गर्दै आइरहेका विकास साह बताउँछन्।

पर्व नजिकिएसँगै थोरै जग्गामा उखु लगाएका किसान भ्याइनभ्याई गरेर मिठ्ठा बनाउन र बनेको सामग्री बजार पुर्‍याउन तल्लीन छन्। धेरैजसो बस्तीमा पर्वका लागि मिठ्ठा खोज्न व्यापारी र उपभोक्ता घरघरै आएपछि बजार पुग्नुपर्ने समय पनि बचत भएको र राम्रो मूल्य पाइएको किसानको भनाइ छ।

धनुषा जिल्लाका उत्तरीक्षेत्रका का किसान रामउदगार महतोले भने, "पवनी (पर्व) आइपुग्यो, उखु पेल्न र तिल चुट्ने समय एउटै पर्‍यो, भ्याइनभ्याई छ।" पर्वको मुखमा कामको मारामार परे पनि मिठ्ठा र तिल बेचेको पैसाले नगद खर्चको राम्रै जोहो हुने गरेको महतो बताउछन्।



यसैगरी महतोकै छिमेकी रामपुकार महतो पनि पर्वअघि तरुल, पिँडालु र सुठुनी खन्ने तालिकामा छन्। तरुल, पिँडालु र सुठुनी तिलासक्रायत पर्वको खास परिकार भएको हुँदा यी उत्पादनले राम्रो मूल्य दिने रामपुकारको भनाइ छ। "एकाध धुर (२० धुरको एक कठ्ठा)मा खमरुवा (तरुल), पिँडालु र अलुवा (सुठुनी) छ, आफ्नै टोल (घर वरिपरिका छिमेकी)ले मागेका छन्", रामपुकारले भने, "चाडवाडमा नगदकै कारोबार हुन्छ, राम्रै आर्जन होला।" यी कन्दमूल केही दिनसम्म ताजै रहने हुनाले पर्वको तीन-चार दिनअघि खनिने रामपुकार बताउँछन्।

अहिले तीन-चार कठ्ठामात्र जग्गा भएका गरिब किसानले पनि मिठ्ठा, तरुल, पिँडालु, सुठुनी र तील बेचेर २०/२५ हजार जोहो गर्ने योजना बनाएका छन्। आफ्नो पाँच कठ्ठा पाखो बारी (सिँचाइ नपुगेको)मै लगाइएको उखु, तिल, सुठुनी र तरुलबाट पोहोर २० हजार आम्दानी भएको जनकपुरधाम-२०का किसान नथुनी साह बताउँछन्। यसपालि अझ बढी आम्दानी हुने नथुनीको विश्वास छ। "अन्य कुरा मजदुरी र बरबटैया गरेर गुजारा टारिन्छ", उनी भन्छन्, "नगद खर्च भने आफ्नै बारीको कमाइबाट दुःखसुख चलाइन्छ।"

तिलासंक्रान्ति पर्वमा सख्खर मिसाएर बनाइएको तिल, चिउरा, मुरी (विशेष प्रकारको चामलको भुजा) र जुनेला (अन्नविशेष)लाई (लड्डु), उसिनेको सुठुनी तथा तरुल एवं मासको दाल, अरवा चामल र घिउको खिचडी विशेष प्रकार मानिने मैथिल परम्परा छ। यसै परम्पराले अहिले मिथिला क्षेत्रका बस्तीमा यी सामग्रीको जोहोमा सर्वसाधारण लाग्छन्।

पर्वविशेषले धनुषा, महोत्तरी, सिरहा, सर्लाही, सप्तरीका विभिन्न क्षेत्रमा उखु, तिल, सुठुनी, पिँडालु तथा तरुललगायतका बाली बढी लगाइने गरेको छ। पर्वविशेषले आफ्ना उत्पादित बाली सजिलै घरघरै राम्रो मूल्य पाएर बिक्री हुने भएकाले अहिले खासगरी किसानका लागि नगद जोहोको अवसर बनेको छ।

अहिले राम्रो तिल प्रतिकिलो तीन सय ५० र मिठ्ठा रु एक सय १० ले बिक्री हुँदैछ। त्यसैगरी अब एक सातापछि खनिने तरुल, सुठुनी र पिँडालुले पनि राम्रो भाउ पाउने किसानले आश गरेका छन्। तिलासंक्रान्ति पर्व केही दिनमात्र बाँकी रहँदा यस क्षेत्रका घरघरमै अहिले यो पर्वको तयारीले रौनक बढेको छ।

खासगरी यताका थारूको मुख्य पर्व नै तिलासंक्रान्ति हुँदा थारू बस्ती पर्वको तयारीमा तल्लिन देखिन्छन्। तिलासक्रायत नजिकिएसँगै यहाँका बजारमा पनि पर्व विशेषका सामग्रीको बजार दिनदिनै जमेको छ। साप्ताहिक हटियामात्र नभएर अहिले बस्ती-बस्तीमै तिल, मिठ्ठा, चिउरा, मुरीका बजार जम्दैछन्। केही दिनपछि सुठुनी, पिँडालुको बजार जमाउने तयारीमा किसान जुटेका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८